### हार्दिक शुभकामना

नव वर्ष २०७८ सालको पावन अवसरमा हाम्रा पाठकवर्ग, शुभचिन्तक तथा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुरेन्द्र ढकाल**
सम्पादक/प्रकाशक तथा
**ग्रेटर नेपाल साप्ताहिक परिवार**



जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक


### नयाँ धरहरा उद्घाटन गरिने

काठमाडौं । २०७२ सालको भूकम्पले ढलेको ऐतिहासिक धरहराको वैशाख ११ गते उद्घाटन गरिने राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जानकारी दिएका छन् । धरहराको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीले पुनःनिर्माणको सफलता नेपालको गौरव र सम्पत्ति भएको उल्लेख गर्दै यो विश्वलाई देखाउन लायक भएको बताए । बैठकले विपद् **बाँकी ८ पेजमा**


वर्ष १० अंक १, २०७८ साल वैशाख ३ गते शुक्रबार, नेपाल संवत् ११४१ (April 16, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


# फेरि एमसीसीको तरंग






काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी प्रस्ताव निर्णयार्थ संसदमा पेस नगरेको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीले सभामुख अग्निप्रसाद सापकोटाको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरेका छन् । प्रतिनिधिसभाको बैठकमा पनि कांग्रेस र एमालेका सांसदहरूले एमसीसी पारित गर्न एजेन्डाका रुपमा ल्याउन माग गरेका छन् । सभामुखप्रति एमसीसीको विषयमा आक्रोशित देखिएका प्रधानमन्त्रीकै दल एमालेमा यसको विरोध गर्नेहरूको संख्या कमी छैन । एमसीसी मुलुकको हितविपरीत रहेको भन्दै माओवादी र एमालेकै कतिपय नेताले यसलाई संशोधन नगरी अनुमोदन गर्न नहुने मत राख्दै आएका छन् । यही कारण एमसीसी प्रस्ताव २०७६ असार ३० गतेदेखि संघीय संसद सचिवालयमा दर्ता भएर पनि रोकिएर बसेको छ ।

एमसीसीलाई संसदबाट पारित गर्ने विषयमा तत्कालिन नेकपाभित्रै चर्को विवाद भएको थियो । सोही कारण एमसीसीबारे अध्ययन गर्न वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा कार्यदल समेत बनेको थियो । एमसीसी कार्यान्वयनसम्बन्धी सम्झौता हुनुपर्छ । तत्कालीन नेकपाभित्र दाहाल नेपाल समूहले यथास्थितिमा एमसीसी संसदबाट पारित गर्न नसकिने अडान राखेको थियो । नेकपाको एउटा खेमा एमसीसीलाई कुनै पनि हालतमा पारित हुन नदिने पक्षमा अडिएको थियो । त्यो खेमाको नेतृत्व नेकपा अध्यक्ष रहेका पुष्पकमल दाहाल प्रचण्डले गरेका थिए । नेकपा ध्रुवीकरण हुनुका पछाडि एमसीसी नै कारण रहेको कतिपयको बुझाइ छ । एमसीसीलाई प्रधानमन्त्री ओली अघि बढाउन चाहने र प्रचण्ड खेमा त्यसलाई रोक्न खोज्दा पार्टीभित्र विवाद बढेको थियो । एमसीसी सजिलै पारित नहुने देखेपछि प्रधानमन्त्रीले संसद नै विघटन गरेको र त्यसमा अमेरिकी स्वार्थले काम गरेको कतिपयको तर्क पनि छ ।

नेपाल र अमेरिकाबीच इन्डो प्यासिफिक स्ट्राटिजीअन्तर्गत ५० करोड अमेरिकी डलरको सम्झौता भएको थियो । १९ सेप्टेम्बर २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसीसीका तर्फबाट कार्यवाहक सिओ जनाथन नासले सम्झौतामा हस्ताक्षर गरेका थिए । त्यसबेला नेपाली कांग्रेस र माओवादीको संयुक्त सरकार थियो । एमसीसी अनुदन अमेरिकी संसदबाट पारित भएर दिने गरिन्छ । यो संस्थाबाट यस्तो सहयोग प्राप्त गर्ने नेपाल दक्षिण एसियाको पहिलो राष्ट्र हो । यसको घोषित अभिप्राय ऊर्जा क्षेत्रको विकास, ट्रान्समिसन, लागन नियन्त्रण, विकास प्रबर्द्धन, निजी लगानी अभिवृद्धि र रोजगार सिर्जना भनिएको छ । यसमा भारतसँग मुख्य प्रतिरक्षा साझेदारी हुनुको साथै श्रीलंका, माल्दिभ्स र बंगलादेशसँग पनि साझेदारी गर्ने सोच छ । तर श्रीलंका अहिले अलग्गिएको अवस्था छ । अझ अमेरिकी प्रतिरक्षा मन्त्रालयको भनाइ मान्ने हो भने स्वतन्त्र खुला र समृद्ध हिन्द प्रशान्त क्षेत्रको विकासमा नेपालको केन्द्रीय भूमिका हुनेछ । हिन्द प्रशान्त स्ट्राटेजीलाई मानवीय सहायता, विपत प्रक्रिया, शान्तिको रखबारी, प्रतिरक्षा व्यवसायीकरण, स्थलसेना क्षमता अभिवृद्धि र प्रतिआतंकवादमा केन्द्रित हुने भनिएको छ ।

इन्डो प्यासिफिक स्ट्राटेजी वास्तवमा दक्षिण एसिया तथा हिन्द महासागर राष्ट्रको समर्थन आफूसँग जुटाइरहने अमेरिकी प्रयत्नको एउटा पाटो हो । जसको मूल काम भनेको विश्व शक्तिराष्ट्र अमेरिकाको सैन्य सामर्थ्यलाई प्रभावशाली बनाइराख्ने उदेश्यसँग निहित छ । त्यसको प्रभावशा दिगो आर्थिक वृद्धि र रिजनल कनेक्टिभिटीमा भर पर्ने अमेरिकाले नै व्याख्या गरिसकेको छ । कनेक्टिभिटी भन्नाले जल, हवाई, साइवर, स्पेश डेमिन तथा साध सिमानामा **बाँकी ८ पेजमा**

## नेपालको पूर्वी नाका सिल

झापा । भारतको पश्चिम बङ्गालमा हुने निर्वाचनका लागि पूर्वी नाका ७२ घण्टा लागि बिहीबार बिहान ६ बजेदेखि सिल गरिएको छ । पश्चिम बङ्गालमा यही वैशाख ४ गते हुने राज्यसभाको निर्वाचनलाई दृष्टिगत गरी काँकडभिट्टा र भद्रपुर नाका सिल गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले वैशाख २ गते बिहीबार बिहानदेखि वैशाख ४ गते बेलुका ६ बजेसम्मका लागि सीमा नाका सिल गरिएको बताए । उनका अनुसार सो समयमा यातायात तथा मानिसलाई आवतजावत गर्न पूर्ण रोक लगाइएको छ ।

## अन्नपूर्ण दैनिक संकटमा

काठमाडौं । अन्नपूर्ण पोस्ट दैनिकका पत्रकारहरूले सामूहिक राजीनामा दिएका छन् । क्याप्टेन रामेश्वर थापा सञ्चालक रहेको अन्नपूर्ण पोस्टले कोरोना संकटसँगै ठूलो आर्थिक संकट झेल्नु परेको र प्रकाशन गर्न सक्ने अवस्था नरहेकाले पत्रिका बन्द गर्ने तयारी थालेको छ ।

लामो समयदेखि दिनुपर्ने तलब सुविधा भुक्तानी गर्न नसकेकाले व्यवस्थापनसँग कर्मचारी तथा पत्रकारहरूको सम्बन्ध चिसिँदै गएको थियो । यस्तैमा आर्थिक संकटलाई नै निहुँ बनाएर पत्रिका बन्द गर्ने निर्णय व्यवस्थापनले गरेको छ ।

पत्रिका बन्द गर्ने तयारी व्यवस्थापनले गरेपछि पत्रकार तथा कर्मचारीहरूले सामूहिक तथा व्यक्तिगत रुपमा राजीनामा दिएका छन् । वैशाख ३ गतेदेखि लागू हुने गरी सामूहिक राजीनामा दिएका पत्रकारहरूले अन्नपूर्ण व्यवस्थापनसँग ठूलो रकम भुक्तानी लिनुपर्नेछ । कोभिडको समयमा आधा तलब दिने भनिए तापनि कामदेखि सधैंका लागि हट्नु परेपछि पूरै तलब दिनुपर्ने माग पत्रकारहरूले अघि सारेका छन् । त्यसैगरी छापाखाना पत्रपत्रिका ऐन तथा श्रम ऐनमा व्यवस्था **बाँकी ८ पेजमा**

## कट्टेल नेकपाको महत्वपूर्ण निर्णय

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले सचिवालय बैठकबाट गरेका केही महत्वपूर्ण निर्णयहरू एक विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । पार्टीको अध्यक्ष ऋषिराम कट्टेलको हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-'नेपाल कम्युनिष्ट पार्टी राष्ट्रिय सम्मेलन आयोजक समिति केन्द्रीय सचिवालयको बैठक हालै पार्टीको केन्द्रीय कार्यालय काठमाडौंमा समितिका संयोजक क. ऋषिराम कट्टेलको अध्यक्षतामा बस्यो । बैठकमा सचिवालय सदस्यहरू सहसंयोजक लोकनारायण सुवेदी, सहसंयोजक अम्बिका थैव, रामबहादुर भण्डारी, हरिदेव ज्ञवाली, भीम सेढाई, सीता सुवेदी, रामदुलार महतो, राजेश वान्तवा, कृष्णहरि भट्ट, नरेशलाल अमात्य, मंगलकृष्ण अमात्य, मिश्री मण्डल, महेन्द्र जोशी, नरेन्द्र बस्नेत र सचिवालय सदस्य तथा कार्यालय सचिव

रत्नप्रसाद जोशीको उपस्थिति थियो । बैठकले गरेका निर्णयहरू यो प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।

१) देश र विदेशमा घटेका समसामयिक राजनीतिक घटनाक्रमहरूको समीक्षा-

क) संसद विघटन

सरकारी पार्टीको आन्तरिक झगडा, प्रतिगामी षडयन्त्र र वाह्यशक्तिहरू खास गरी इण्डो अमेरिकी निर्देशनको परिणाम संसद विघटन भएको बैठकले ठहर गरेको छ । कारण जेसुकै भए पनि यो घटना सारत : संसदीय व्यवस्थाको असफलताको द्योतक हो । संसद पुनस्थापना वा निर्वाचनले देशमा विद्यमान राजनीतिक संकटको समाधान दिन सक्दैन भन्ने कुरा संसद पुनस्थापनापछि पनि संसदमा घटिरहेका घटनाहरूले पुष्टि गरेको छ । संसद विघटनको घटनाले संसदवादी राजनीतिक शक्तिहरू विभाजित भइरहेकोले दलीय शक्ति सन्तुलनमा केही फेरबदल ल्याएको छ ।

ख) मुद्दा सरकारी **बाँकी ८ पेजमा**

# जसपाको आफ्नै दाउ









काठमाडौं । सरकार परिवर्तन कि ओली सरकारकै निरन्तरता या मध्यावधि निर्वाचन भन्नेबारेमा राजनीतिक दलहरू अझै निर्णयमा पुग्न नसक्दा राजनीतिक अस्थिरता चाँडै हट्ने संकेत देखिएको छैन । यद्यपि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीले नयाँ सत्ता समीकरणका विषयमा द्विपक्षीय र बहुपक्षीय संवादलाई रोकेका भने छैनन् । तर त्यस्ता छलफलले सार्थक परिणाम भने दिन सकेको छैन ।

प्रधानमन्त्री केपी शर्मा ओली पनि आफ्नो सरकारको निरन्तरताको लागि राजनीतिक संवादमै छन् । विशेष गरी जनता समाजवादी पार्टीका नेताहरू महन्थ ठाकुर र राजेन्द्र महतोसँग उनी नजिक छन् । जसपाले सरकारसँग विभिन्न मागहरू अघि सारेको छ । आफ्ना मागहरू पूरा भए ओलीलाई सहयोग गर्ने बचन ठाकुर र महतोले दिएको बताइन्छ । सरकार र जसपा दुवैले कार्यदल नै बनाएर संवाद गरिरहेको अवस्था छ । जसपाले मधेस आन्दोलनको बन्दीहरूको रिहाई, सांसद रेशम चौधरीलाई थुनामुक्त, संविधान संशोधन गरी नागरिकताको मुद्दाको सम्बोधन लगायतका पाँचबुँदे मागहरू सरकारसमक्ष राखेको छ ।

मधेस आन्दोलनमा समातिएर थुनामा रहेका बन्दीहरूको सूची गृहमन्त्रालयमा जसपाले बुझाइसकेको छ । कर्तव्य ज्यानमुद्दामा जन्मकैद **बाँकी ८ पेजमा**

## कोरोना बीमाको रकम ६० हजारलाई

काठमाडौं । चैत ३० गतेसम्म ६० हजार ५८७ जनाले कोरोना बीमावापतको दावी रकम बुझेका छन् । बीमा समितिका अनुसार उनीहरूले कुल ५ अर्ब ८५ करोड १५ लाख रुपैयाँ रकम लिएका हुन् ।

१९ निर्जीवन बीमा कम्पनीहरूले संयूक्त रुपमा 'पुल'मार्फत कोरोना बीमा संचालनमा ल्याएका थिए। बीमा गरिसकेपछि संक्रमित हुनेलाई लक्षित गर्दै बैशाख ७ गतेदेखि संचालनमा आएको कोरोना बीमा योजनाबाट थप करिब ५१ हजारले रकम पाउने छन्।

हालसम्म कुल ९१ हजार ६७३ जनाको आवेदन प्रमाणित भएको समितिले जनाएको छ। थप ५१ हजारलाई रकम भुक्तानी गर्दा थप ४ अर्बभन्दा बढी रकम लाग्नेछ। अबको सबै रकम सरकारले ब्यहोर्नेछ । **बाँकी ८ पेजमा**

## रेमिट्यान्स वृद्धि खुम्चियो

काठमाडौं । चालू आर्थिक वर्षको आठ महिनामा मुलुकमा भित्रिने रेमिट्यान्सको वृद्धिदर खुम्चिएको छ । माघ महिनामा १० प्रतिशतसम्म रहेको वृद्धिदर फागुनमा ८ दशमलव ६ प्रतिशतमा सीमित भएको हो । कोभिड प्रभावका कारण चुँडिएको अनौपचारिक प्रणाली (हुन्डी) पुनः सक्रिय हुन थालेसँगै रेमिट्यान्सको वृद्धिदर घट्न थालेको प्रक्षेपण गरिएको छ ।

आठ महिनासम्ममा ६ खर्ब ४२ अर्ब रुपैयाँबराबरको रेमिट्यान्स भित्रिएको छ । चालू आवमा मासिक औसत ८० अर्ब रुपैयाँसम्म भित्रिरहेको रेमिट्यान्स माघयता त्यसयताकै न्यूनदर (औसत ७३ अर्ब) मा भित्रिन थालेको छ । रेमिट्यान्स वृद्धिदर सुस्त हुँदा र आयातमा भइरहेको वृद्धिले **बाँकी ८ पेजमा**

## निर्यात १२ गुणा बढ्ने प्रक्षेपण

काठमाडौं । नेपाल सरकारले विकासलाई सहयोग गर्न चालेका सुधारका कदमलाई माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका निर्देशक फारिस हदाद-जर्भोसले स्वागत गरेका छन् ।

नेपालले आफ्नो क्षमता पूर्ण रूपमा उपयोग गर्दा ११ खर्ब रुपैयाँबराबरको निर्यात गर्न सक्ने देखिएको छ । विश्व बैंकले सोमबार सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेटका अनुसार अहिले भइरहेको निर्यातमा नेपालले १२ गुणासम्म वृद्धि गर्न सक्छ । 'नेपालको उपयोग गर्न सकिने सम्भावित निर्यात क्षमता ९.२ अर्ब अमेरिकी डलर हो, तर अहिले करिब ७६ करोड डलर मात्रै भइरहेको छ,' विश्व बैंककी वरिष्ठ अर्थशास्त्री तथा अपडेटकी प्रमुख लेखक डा. केने इजेमेनारीले भनिन् ।

तर नेपालले आफ्नो क्षमताको अधिकांश निर्यात गुमाइरहेको पनि विश्व बैंकले जनाएको छ । नेपालको आकार, भौगोलिक अवस्थिति, **बाँकी ८ पेजमा**

## देश जल्दा के गर्दैछन् नामर्दहरू ?

**समय सन्दर्भ**

**- अमूल्य थारू**

चारैतिरबाट अरबहरूले घेरे पनि आत्मसमर्पण गरेनन् इजरायलीहरूले । बक्सरयुद्ध गरेरै भए पनि विदेशी शक्तिको सामना गरिरहे -चिनियाँहरूले । बाह्यशक्तिका विरुद्ध विद्रोह गरे फिजिवासीले । टर्कीका कमाल हुन् वा इजिप्टका नासेर, सबैले राष्ट्रको रक्षाका लागि अदम्य साहस बोकेर माटोको रक्षा गरे ।

यता, नेपालमा विदेशीले उचालेका केही कठपुतलीले तराईमा राष्ट्रकै झण्डा जलाउँदा पनि कोही बोलेनन् । काठमाडौंमा बसेर शासन गर्ने अष्टावक्र सरकार, आफूलाई प्रतिपक्षी ठान्ने कथित नेताहरू र तराईमा आगो सल्काउनेहरूको मालिक इन्द्रप्रस्थको छेउछाउतिर बस्छ । त्यसैले सबै डराए मालिकसँग । धिक्कार छ, ती कथित राष्ट्रवादी नेतालाई, जो केवल भाषणमा राष्ट्रवाद गाउँछन् । राष्ट्रिय झण्डा जलाउँदा उनीहरू मुसुमुसु हाँस्न सक्छन् र काठमाडौंमा मासुभात खाएर मस्त निदाउन सक्छन् । प्रश्न गर्न मन लाग्छ आफैलाई - के हामी ज्यूँदै छौं ? के हामी मान्छे नै हौ ? आफ्नी आमालाई निर्ममतापूर्वक बलात्कार गरेको देखेर पनि चुपचाप बस्न सक्ने, ए नेपाली सन्तानहरू हो, के तिमीहरू बाँचिरहेका छौं ? अथवा मरिसक्यौ ?

काठमाडौं विस्तारै काबुलमा अनुवाद हुँदैछ । राजा जहीर शाहलाई सत्ताच्यूत गरेपछि रुसको आडमा कम्युनिष्ट शासन सुरु भयो । विन लादेनको भरोसामा अमेरिकाले कम्युनिष्ट विरोधी छापमारहरू जन्मायो । तिसौ लाख अफगानी जनता मारिए र चालिस लाख जति इरान र पाकिस्तानमा शरणार्थी भए । यता नेपालमा अमेरिका, चीन र भारतको त्रिपक्षीय कक्टेल स्वार्थ जुधेको छ । पैतिसजनाको माओवादी केन्द्रीय कमिटीमा प्रचण्ड -बाबुरामलगायतका भारतपरस्तहरू एघार जना र मोहन वैद्यलगायतका वाइस-तेइसजना चीनपरस्त नेताहरू माओवादी जत्थालाई दिल्ली र वेइजिङ्मध्ये कता लैजाने भनेर तानातान गरिरहेका छन् । द्वन्द्व सम्वन्धी एउटा अन्तर्राष्ट्रिय वेभपत्रिकामा प्रा. डेभिड फिसरले नेपालका माओवादी नेताहरूमध्ये सात जना सिआइएका एजेन्ट, चारजना उच्च पदस्थ नेता भारतीय गुप्तचर संस्था 'र' का तलवी कर्मचारी, सात जना चीनको गुप्तचर संस्थाका एजेन्ट र दुईजना आइएसआइका एजेन्ट रहेको बताएका छन् ।

अर्थात, यसो भनुँ, नेपाल अन्तर्राष्ट्रिय गुप्तचरहरूको गुँड हो । कुमार फुदोङलाई सेनाले 'इस्तेमाल' गरिरहेको छ भनेर एकजना भारतीय पत्रकारले मलाई दिल्लीमा बताएका थिए । सबै घोडाहरूले एउटै **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### शान्ति, समृद्धि र प्रगतिको बनोस् नयाँ वर्ष

नेपाली पात्रोबाट विक्रम संवत् २०७७ सालले बिदा लिएको छ भने २०७८ सालको सुरूवात भएको छ । नयाँ आशा, हर्ष, उमंग बोकेर नेपालीको घरआँगनमा प्रवेश गरिसकेको नयाँ वर्षको स्वागतमा मनाइने खुसियालीले बितेको वर्षका दुःखकष्ट भुलाउने मलमपट्टीको थोरै भए पनि काम गर्ने नै छ । शुभकामना आदानप्रदान, नयाँ कार्ययोजना, नयाँ लक्ष्य उद्देश्यसहित भित्रिएको नयाँ वर्षले सबैले सोचेका सकारात्मक कामहरू पूरा हुन सकुन् भन्ने कामना, सद्भाव सर्वत्र व्यक्त भइरहेका छन् । विगतका वर्षको तीतो अनुभव, घनघोर दुःखकष्ट, रोगव्याधि, बाढीपहिरो, भूक्षय जस्ता प्राकृतिक र दैवी विपत्तिको सदाका लागि अन्त्य भएर नयाँ वर्ष सुख समृद्धिको बनोस् भन्ने कामना हामी सबैले गरौं ।

बितेको वर्ष २०७७ तर्फ फर्केर हेर्दा नेपाली जनताको लागि सुखद रहन सकेन । विश्वमा फैलिएको कोरोना भाइरसको लहर नेपालमा पनि चलेकाले नेपाली जनताले लामो समयसम्म लकडाउन झेल्नु पर्‍यो । लामो समयसम्म जारी रहेको बन्दाबन्दीका कारण अर्थतन्त्र धराशायी बन्न पुग्यो । स्वदेशमा लाखौं बेरोजगार बन्न पुगे भने विदेश गएका लाखौं युवाशक्ति, रोजगारी गुमाएर नेपाल फर्किए । लकडाउनका कारण भोकभोकै पैदल यात्रा गर्ने जनताको लर्को, रोजगारी गुमाएर बाटाघाटा, खुल्ला ठाउँमा वितरण गरेको भोजन प्राप्त गर्न बस्नेको लर्को सम्झँदा बितेको वर्ष बिर्सनलायक वर्षको रूपमा रहेको छ । महामारीका कारण ३ हजार जति नेपालीले ज्यान गुमाउनु पर्‍यो । महामारीकै बीच मुलुकभर बाढी पहिरोको पीडा पनि जनताले झेल्नुपर्‍यो । महामारीले सबै क्षेत्र ठप्प पारेपछि भर्खरै प्रगतिपथमा लाग्न थालेको अर्थतन्त्र शून्यमा झर्न पुग्यो । नेपालमा विदेशी मुद्रा भित्र्याउने र रोजगार प्रदान गर्ने क्षेत्रका रूपमा रहेको पर्यटन क्षेत्र नराम्रोसँग थलिन पुग्यो । शिक्षा क्षेत्र वर्ष दिनसम्म नै अन्योलग्रस्त बन्यो । कोभिड महामारी साम्य हुँदै गएपछि क्रमशः सामान्य हुँदै गएको जनजीवन फेरि पनि त्रासमय बन्ने हो कि भन्ने आशंका नयाँ वर्षको पूर्वसन्ध्यामा सुरू हुन थालेको कोभिडको दोस्रो लहरले बढाउन थालेको छ । बेलैमा सतर्कता अपनाएर भयरहित वातावरणमा नयाँ वर्ष बिताउने संकल्प सबैले आआफ्ना ठाउँबाट गर्न जरूरी छ ।

बितेको वर्ष राजनीतिक रूपले पनि अन्यौलग्रस्त बन्न पुग्यो । प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेर अन्यौलताको भूमरीमा पठाएको मुलुकको राजनीतिले अहिलेसम्म ट्रयाक समाउन सकेको छैन । संसद पुनःस्थापनापछि सर्वोच्चले गरेको अर्को फैसलाले गरेको नेकपा विभाजन र एमालेभित्र बढेको अन्तर्कलहले गर्दा अबको राजनीति कता जाने हो प्रस्ट मार्गचित्र आइसकेको छैन । प्रधानमन्त्रीले बारम्बार प्रतिपक्षी दलहरूलाई चुनौतीपूर्ण ढंगले ललकारी रहेका छन् । प्रतिपक्षीहरू एकजुट भएर नयाँ सरकार दिन सकिरहेका छैनन् । राजनीतिक अन्यौलताको तुवाँलो नयाँ वर्षको सुरूवाती दिनहरूमै फाट्ने अपेक्षा आम जनताले गरेका छन् ।

२०७७ सालमा भ्रष्टाचारका ठूलठूला काण्डहरू पनि मच्चिए । महामारीको मौकामा समेत राष्ट्रको ढिकुटी दोहन गरेर खानेहरूलाई अख्तियारको आँखाले ठम्याउन सकेन । सत्तालाई व्यक्तिगत स्वार्थलाभको औजार बनाउने तत्वहरू अहिले पनि उत्तिकै सलबलाइरहेकै छन् । बितेको वर्षमा भएको सम्झनालायक एक मात्र अविस्मरणीय कार्य भनेको कालापानी भूभाग समेटिएको नेपालको चुच्चे नक्सा सरकारले जारी गर्नु हो । नक्सामा समेटिएको भूमिमाथि नेपालको सार्वभौमसत्ता कायम भएपछि मात्र यसले पूर्णता पाउनेछ । दक्षिणको मिचाहा छिमेकीलाई हामीसँग भएका तथ्य र प्रमाणहरू भरपुर मात्रामा पेस गरेर गुमेको नेपाली भूमि वास्तविक रूपमा प्राप्त गर्नेतर्फ ध्यान केन्द्रित गर्न आवश्यक छ । नयाँ वर्षमा सबैको घरमा शान्ति र समृद्धि आउन सकोस्, हार्दिक मंगलमय शुभकामना ।

# अबको युद्ध सडकमा



**सुरेन्द्र ढकाल**

**आफूलाई देशभक्त र कम्युनिष्ट भनेर कहिले नथाक्ने ओली एमसिसिको पक्षमा दृढ भएर उभिनु, सकिन्छ भने यसै संसदबाट एमसिसि अनुमोदन गराउनु अनि नेपालको असंलग्न परराष्ट्र नीतिलाई त्याग्दै इण्डो प्यासिफिक अमेरिकन एलायन्समा लगेर जोडनुले के कुरा प्रमाणित गर्दछ भने अब नेपाल चीन र अमेरिकाको खिचातानीको केन्द्र बन्दैछ ।**

पुनर्स्थापित संसद काम नपाएको अवस्थाबाट गुज्रिरहँदा सरकारको आयु लम्बिने हो या होइन केही भन्न सकिने अवस्था छैन । जसले जे भने पनि दल विभाजन र राजनीतिक अस्थायित्व मूल जड भनेकै एमसिसिको पक्षमा लाग्ने र नलाग्ने बीचको ध्रुव थियो । आफूलाई देशभक्त र कम्युनिष्ट भनेर कहिले नथाक्ने ओली एमसिसिको पक्षमा दृढ भएर उभिनु, सकिन्छ भने यसै संसदबाट एमसिसि अनुमोदन गराउनु अनि नेपालको असंलग्न परराष्ट्र नीतिलाई त्याग्दै इण्डो प्यासिफिक अमेरिकन एलायन्समा लगेर जोडनुले के कुरा प्रमाणित गर्दछ भने अब नेपाल चीन र अमेरिकाको खिचातानीको केन्द्र बन्दैछ ।

संसदमा उपस्थित नभएका राप्रपा बाहेकका सबै दलहरू एमसिसिको विरुद्धमा छन् । संसदमै भएका दलहरूमा यसैको कारण मतान्तर छ भनेपछि संसदमा भोटिङको लागि एमसिसि प्रस्तुत गर्नु भनेकै गैरसंसदीय शक्तिहरूलाई मैदानमा आऊ भनेर ललकार्नु हो । त्यो भनेको देश गृहयुद्धमा जानु हो अनि नेपाल बर्मा हुन के बेर ? भियतनाम र कोरिया युद्धमा अमेरिका हारेकै हो अब त्यो युद्धको पुनरावृति अमेरिका र भारत नेपालबाट शुरु गर्न चाहन्छन् । उत्तर कोरियाको उत्तरमा चीन भएकै कारण उसलाई अमेरिकाको नेतृत्वमा भइरहेको विश्व आर्थिक नाकाबन्दीले केही नापेको छैन । भारतले नेपालमा २०१७ सालदेखि बारम्बार नाकाबन्दी गरिरहेकै हो, त्यसले पनि केही ननाप्नुको पछाडिको रहस्य भनेको नेपालको उत्तरमा चीन भएकै कारणले हो । चीन नेपाल मामलामा उदासीन हुनै सक्तैन किनकी नेपालमा अमेरिकाको घनिभूत उपस्थितिले तिब्बत विखण्डन हुन सक्छ भन्ने कुरा भारतले पाकिस्तान विखण्डन गरी बंगलादेश बनाएको चीनले नबुझेको होइन ।

अमेरिका र भारत तिब्बती स्वतन्त्रताको पक्षमा खुलेरै लागेका छन् भन्ने कुरा प्रशान्त सामुद्रिक र दक्षिण चीन सागर क्षेत्रमा अमेरिकी सेनाको बाक्लो उपस्थिति, भारतको धर्मशालामा तिब्बती निर्वासनमा रहेको सरकार चल्नुले प्रमाणित गरिरहेकै छ । चीनले यसको राम्रै विश्लेषण गरिराखेकै हुनुपर्छ । नेपालका राजनीतिक दलहरूले असंलग्नता कायम गर्न सकेनन् भने चीनले सक्रिय हस्तक्षेप गरी नेपाली राजतन्त्रलाई पुनर्स्थापन नगर्ला भन्न सकिन्न । किनकी राजतन्त्र भएकै बेलामा शाही नेपाली सेनाले अमेरिकी हातहतियारले सुसज्जित खम्पा विद्रोहीहरूलाई दवाइ उनीहरूको हतियार खोसेको थियो । विआरआइ परियोजना अन्तर्गतका कार्यहरूमा जानाजानी ढिलासुस्ती गर्नु र एमसिसिको लागि मरिहत्ते गर्नुले चीनले सत्तामा रहेका नेपाली कम्युनिष्टहरूको चरित्र राम्रैसँग बुझेको हुनुपर्छ । यही सत्तारुढ कम्युनिष्टको गलत रवैयाको कारण नेपाली माटो एक चीन विरोधी गतिविधिको केन्द्रविन्दु भएमा चीनले तिब्बतमा आफ्नो सुरक्षा बढाइ नेपाल मामिलामा आँखा चिम्लने बित्तिकै भारतले नेपाललाई सिक्किमलाई निलेझै निल्नेछ भन्ने कुरा जगजाहेर छ । तसर्थ एमसिसि अनुमोदन गर्ने प्रपंचमा सरकार नलागोस्, लागेमा अबको युद्ध भनेको सडकमा हुनेछ ।

# राष्ट्रपति संविधानको कि दलको रक्षक ?



**गोविन्द विक**

**राष्ट्रपतिले कुनै पनि दलप्रति आस्था नै राख्न नपाइने भन्ने होइन तर यसरी दलका नेताहरू मिलाउन घरघरमा दौडिनु ठिक होइन । राष्ट्रपति पदको गरिमालाई श्रीमती विद्यादेवी भण्डारीले बिर्सन हुँदैन । दल फुट्नु राष्ट्रपतिको चिन्ताको विषय हैन । संविधानको रक्षा गर्नु राष्ट्रपतिको चिन्ताको विषय हो ।**

नेकपा एमालेभित्र देखिएको वितन्डाको दृश्यहरूप्रति राष्ट्रपतिको चासो हुनु अस्वाभाविक देखिएको छ । एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली माधव तथा झलनाथ समूहका नेताहरूलाई ६ महिनाका लागि पार्टी सदस्यता पनि नरहने गरी निलम्बन गरेपछि एमाले फुटको डिलमा पुगेको त हामी सबैलाई थाहै छ । विधानविपरितको कारवाही भन्दै ओलीको कदमविरुद्ध संगठित हुने निर्णयसँगै माधव र झलनाथ समूह पार्टीको ग्रासरुट लेवलमा प्रशिक्षण तथा पुनसरंचनामा लागेका छन् ।

पछिल्लो समय एमालेभित्र समानान्तर गतिविधिहरूले तिव्रता पाउन थालेपछि राष्ट्रपति विद्यादेवी भण्डारीको चासो पनि बढेको पाइन्छ । पार्टी टुक्रिने जोखिमलाई कम गर्ने उद्देश्यले एमालेका वरिष्ठ नेता झलनाथ खनाललाई भेटन उनकै निवास डल्लुमा गएको सञ्चारमाध्यमबाट आएका समाचारले श्रीमती विद्यादेवी भण्डारीले राष्ट्रपति पदको गरिमालाई कायम गर्न चुक्दै गएको हो कि भन्ने आशंका जन्मिएको छ ।

श्रीमती विद्यादेवी भन्डारी एमालेको कोटाबाट राष्ट्रपति चुनिए तापनि उनी सिङगो तीन करोड नेपालीको राष्ट्रपति हुन कुनै पार्टी र व्यक्तिविशेषको पछि लागेर पदको दुरुपयोगमा ख्याल नगर्नु स्वभाविक मानिँदैन । राष्ट्रपतिको अनावश्यक दौडधुपले राष्ट्रपतिलाई मुलुक र जनताले भोगेको समस्याभन्दा पनि एमाले पार्टीले भोगेको समस्याप्रति बढी चिन्ता भएको देखिँदैछ । पदको गरिमालाई बेवास्ता गर्दै कुनै पनि दलका नेताको घरमा राष्ट्रपति दौडिनु राम्रो संकेत हैन ।

प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कदमलाई राष्ट्रपतिले हठात अनुमोदन गरेर ओलीप्रति सदासयता देखाएकी थिइन । संसद पुनर्स्थापनापछि पनि सर्वदलीय बैठक राखेर ओलीको कदम ठिक थियो भन्ने सन्देश दिन खोजिएको देखिन्थ्यो । राष्ट्रपतिका विभिन्न समयमा हुने अनावश्यक राजनीतिक सक्रियताले विवादहरू सिर्जना गर्ने गरेको घटना नौलो त हैन तर यस्ता गतिविधिले निरन्तरता पाउनु राम्रो मानिदैन ।

राष्ट्रपतिले कुनै पनि दलप्रति आस्था नै राख्न नपाइने भन्ने होइन तर यसरी दलका नेताहरू मिलाउन घरघरमा दौडिनु ठिक होइन । राष्ट्रपति पदको गरिमालाई श्रीमती विद्यादेवी भण्डारीले बिर्सन हुँदैन । दल फुट्नु राष्ट्रपतिको चिन्ताको विषय हैन । संविधानको रक्षा गर्नु राष्ट्रपतिको चिन्ताको विषय हो । मुलुक र जनताको समृद्धिका लागि बाधक बनेका तत्वहरूलाई निराकरण गर्नका लागि सरोकारवालाहरूलाई सकरात्मक सुझाव दिनु राष्ट्रपतिको चासो हुनु पर्दछ ।

जब एमालेमा राजनीतिक खटपट सुरु हुन्छ तब राष्ट्रपतिको सक्रियता बढिहाल्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी छ । राजनीतिक किचलोमा आफूलाई समावेश गर्दै कुनै व्यक्तिको अहंकारवादी प्रवृत्तिलाई बढावा हुने गतिविधि देखाउनु कति जायज छ ? एमाले नफुटाइदेउ भनेर नेताको घरमा राष्ट्रपति धाउन मिल्छ ? मुलुकको राष्ट्रपतिले कुनै दलविशेषको चासोमा आफूलाई निर्देशित गर्नु ठिक हो र ?

एमालेको नेताको घरमा राष्ट्रपति जानुले सबैभन्दा चिन्ता एमाले फुटन लागेकामा राष्ट्रपतिलाई भएको सन्देश गएको छ । संविधानको रक्षक र मुलुकको अभिभावक राष्ट्रपति भएको हुँदा त्यही भूमिकामा आफूलाई केन्द्रित गर्दा उत्तम थियो कि भन्ने ख्याल गर्न जरुरी छ ।

प्रधानमन्त्री केपी ओली नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमालेका नेता माधवकुमार नेपाल लगायतका नेताहरूबीच उब्जिएको विवादले उग्ररुप लिंदा आज सरकार भएर पनि शुन्यताको आभाव भइराखेको छ ।

सरकार हाँक्नेहरू आज विवादै विवादमा रुमलिइरहेका छन् । जनताप्रतिको दुःखमा कसैलाई चासो छैन । सरकार हल्लिराखेको छ । कुनबेला ढल्ने हो पत्तै छैन । जनताले विश्वास गरी दिएको मत कम्युनिष्टहरूले सदुपयोग गर्न सकेनन् । देशको अभिभावक राष्ट्रपतिले पनि कुनै दलविशेषका केही व्यक्तिहरूको स्वार्थका लागि विचारै नगरी निर्णयहरू गरिदिँदा संविधान तथा लोकतन्त्रमाथि नै आघात पुग्ने गरेका गतिविधिहरूले आम नागरिकमा झनै तिक्तता बढ्दै गएको छ ।

राष्ट्रपतिले सुविधानको संरक्षण गर्नका लागि अहम भूमिका खेलेर संस्थालाई विवादमा तान्ने कुनै पनि गतिविधिहरू नगर्दा जायज हुने थियो । राष्ट्रपति विद्यादेवी भण्डारी सिङगो मुलुकको नै अभिभावक भएको हुँदा त्यहीअनुसार भुमिका निर्वाह गर्नुपर्दछ ।

# हुँदा खाने र हुने खाने वर्गहरूबीचको विभेद

■ **भोला बानिया**

मैले लेखेको 'सामाजिक विकास, जनसहभागिता र कल्याण' पुस्तक विमोचन भएको छ । मैले यस पुस्तकमा राज्यबाट पछाडि पारिएका अल्पसंख्यक, शोषित-पीडित र पिछडावर्गका समुदायहरू किन अगाडि आउन सकेनन् र यसको मुख्य कारण के हो भन्ने सन्दर्भहरू उठान गरेको छु । जबसम्म राज्यबाट पछाडि पारिएका समुदायहरूको सामाजिक न्याय हुन सक्दैन, तबसम्म समाजको कल्याण हुँदैन । यसका लागि सबैभन्दा पहिले राज्यका हरेक निकायहरू पछाडि पारिएका समुदायहरूको जनसहभागिता हुनु जरुरी छ । यो जनसहभागिता जबसम्म हुँदैन तबसम्म समाजको कल्याण गर्नु भनेको बालुवामा पानी खन्याउनु सरह हो । किनभने जब हुँदा खेरि खानेहरू संगठित हुन थाल्छन् तब राज्यले उनीहरूलाई फुटाउन खोज्छ । यसको माध्यमबाट उनीहरूमाथि शासन गर्ने प्रवृति छ । मैले आफ्नो पुस्तकमा यीनै कुराहरूको चिरफार गर्न खोजेको छु ।

जबसम्म राज्यका विभिन्न नियुक्तिहरूमा राज्यबाट पछाडि पारिएका समुदायहरू, अल्पसंख्यक वर्गहरू, दुर्बलतामा रहेका वर्गहरूलाई माथि उठाउने प्रयास गरिँदैन, उनीहरूलाई विशेष प्रकारको योजनाबद्ध तरिकाबाट विभिन्न सिपमूलक तालिम दिएर होस् अथवा उनीहरूको बसोबास रहेको क्षेत्रमा कलकारखाना स्थापना गरेर होस् अथवा उनीहरूलाई विभिन्न सहयोग गरेर होस्, राज्यले उनीहरूलाई सहयोग गरेको खण्डमा सामाजिक विकास हुन सक्छ । उत्पादन र पुनरुत्पादनको कराहरूमा पनि जोड दिनुपर्छ । किनभने अहिलेको वैज्ञानिक युगको जमाना भएकोले उनीहरूलाई नयाँ-नयाँ प्रकारले कृषि उत्पादनमा लगाउन सकेमा र विभिन्न घरेलु तथा मझौला उद्योगहरूको तालिम दिन सकेमा ती राज्यबाट पछाडि पारिएका समुदायहरू माथि आउन सक्छन् र उनीहरूको कल्याण हुन सक्छ ।

विगतदेखि नै हाम्रो देशमा एकतन्त्रीय राज्य व्यवस्था थियो । जुन सरकार आएपनि उसले आफ्ना आसेपासेलाई मात्र नियुक्ति गर्ने र केवल राजनीतिक नारा मात्र दिएर अल्पसंख्यक र पछाडि परेका समुदायहरूलाई भोट तान्ने प्रवृत्ति मात्र भएकोले उनीहरू माथि आउन सकेका छैनन् । हामीले उदाहरणका लागि पछिल्लो समय सरकारले गरेको राजदूत नियुक्तिलाई पनि हेर्न सक्छौं । जसमा पछाडि पारिएका समुदायहरू त्यहाँ समानुपातिक प्रतिनिधित्व छैन । त्यसैले विभिन्न विश्वविद्यालयहरूको उपकुलपतिदेखि लिएर विभिन्न राजनीतिक नियुक्तिहरूमा पनि पछाडि परेका समुदायहरूको समावेशिता देखिँदैन । यसले प्रष्ट पारेको छ कि नेपालमा सामाजिक न्याय रहेको छैन । सरकारले सामाजिक न्याय गर्न सकेको छैन र अन्य क्षेत्रबाट पनि सामाजिक न्याय हुन सकेको छैन । सामाजिक न्याय भनेको कोरा कागजमा मात्र सीमित गरिएको छ । त्यो कोरा कागजमा सीमित रहँदासम्म राज्यको मूलधारमा आउन नसकेका समुदायहरू अगाडि बढ्न सक्दैन । जसले गर्दा समाजको न्याय हुन सक्दैन र समाजका दुई वटा वर्गहरू हुँदा खाने र हुने खाने वर्गहरू बीचमा विभेद रहिरन्छ ।

**एलएच मोर्गन थियोरी**

मैले लेखेको 'सामाजिक विकास, जनसहभागिता र कल्याण' पुस्तकमा एलएच मोर्गनको थियोरीमा पनि समावेश गरेको छु । उनले भनेका छन्, जंगली बर्बरता र सभ्यताको तीन वटा वर्गमा विभाजन गरेका छन् । जब सभ्यताको युग आयो त्यतिबेला मानिसहरू व्यक्तिवादतर्फ उन्मुख भए । त्यो व्यक्तिवाद भनेको मैं खाउँ, मैं लाउँ, मै सब सुखशयल गरु, अरु सब मरुन दुर्बलहरू । त्यो स्वार्थी भावनाका कारण मानिसहरू छुट्टाछुट्टै समूहमा विभाजन भए र ती समूहहरूले आफ्नो स्वार्थका लागि गरे जसले गर्दा समाज एउटा वर्ग विभाजनमा देखा पर्‍यो ।

**तिवारी विचारधारा, सामाजिक विकास एवं सर्वोदय**

बाबा राम जनम तिवारीले जीवनको अनेक क्षेत्रमा आफ्नो मौलिक विचार प्रस्तुत गर्नुभएको थियो । उनको विचारलाई तिवारी विचारधारा भनिन्छ । उहाँको तीन वटा प्रमुख स्तम्भ सत्य, अहिंसा तथा धर्म हो । उनको विचारधाराको आधारशीला नैतिकता हो । उनी नैतिकताका यति ठूला पुजारी थिए कि अनैतिक वा हिंसात्मक साधनद्वारा मधेशमा आन्दोलन गर्नका लागि तयार थिएनन् । उनको एउटा दृढ विश्वास थियो कि धर्मलाई राजनीतिबाट अलग गर्न सकिँदैन । विना धर्मको राजनीति मृत्युपास जस्तै हो । *(क्रमशः)*

# मैले देखेको १६४ औं विश्व पर्यटकीय स्थल

# महामेटको जंगलताल

सुरेन्द्र ढकाल



जंगलबीचको ताल यस्तो मनोरम छ



तालमा पौडन जान्नेहरू थुप्रै हुँदारहेछन्



तालमा चिप्लेटी पनि राखिएको रहेछ बच्चाको मनोरञ्जनको लागि



तालसँगै छाना भएको पुल पनि रहेछ



तालमा माछा मार्दै

एमिस बस्तीको अवलोकन गरिसक्दा दिनको ३ मात्र बजेको थियो। त्यही बस्तीको रेष्टुराँमा स्थानीय खाना खाइसकेपछि हामी एरिकको घरमा फर्कियौं। त्यस दिन बेलुका मैलै नेपाली खाना बनाएर एसिकको परिवारलाई खुवाउने कार्यक्रम थियो। त्यसैले हामी त्यहाँबाट स्थानीय सुपरमार्केट पुग्यौं। मैले चामल, मुंगको दाल, फर्सी र कुखुराको मासु, अदुवा लसुन बेसार, जिरा किन्न लगाएँ र घर फर्की म पकाउनतर्फ एरिक र उसको श्रीमति रविनले मलाई पकाउनमा सघाइन्। बेलुका आठ बजेतिर खाना खाइवरि म सुत्न आफ्नो कोठातिर लागें। भोलिपल्ट बिहान ब्रेकफाष्ट गरेपछि एरिकका गल्फ खेल्ने साथीहरूसँग नजिकै रहेको प्राकृतिक ताल अवलोकन गर्न हामी लाग्यौं।



डुंगामा सयर गर्दै पर्यटकहरू



क्यानोइङ गर्दै पर्यटकहरू

**महामेटको प्राकृतिक ताल**

एलिनोइको स्याम्पेन काउन्टी महामेटमा रहेको संरक्षित जंगलबीचको यो ताल ज्यादै मनोरम रहेछ। त्यहाँ पुग्दा मलाई आफ्नै देशको फेवातालको याद आयो। नौ एकडमा फैलिएको यो तालमा बालबालिकाहरूको मनोरञ्जनको लागि भनेर चिप्लेटी खेल्दै तालमा झर्ने व्यवस्था रहेछ। गर्मी हुँदा ठूलो संख्यामा महामेट वरिपरि र टाढाटाढाबाट परिवारै लिएर मानिसहरू पौडी खेल्न आउँदा रहेछन्।



गल्फ खेल्दै सुरेन्द्र



गल्फ मैदान




ताल नजिकै एक म्युजियम पनि रहेछ

स्याम्पेन काउन्टीको प्रशासनद्वारा संचालित यस तालक्षेत्रमा मानव र वातावरणसम्बन्धी एक *Grand Prairie,* भन्ने म्युजियम पनि रहेछ। अमेरिकी राष्ट्रपति अब्राहम लिंकन वकिल हुँदाको सन १८५० तिरको प्रदर्शनी पनि रहेछ। यहाँ विवाहलगायत अन्य कार्यक्रम गर्नको लागि भाडा दिने सुविधा पनि रहेछ।


क्यारिलन नामक ३० मिटर अग्लो छाना भएको पुल मैले पहिले कहिँकतै पनि देखेको थिइँन। पर्यटकहरूले चाहेमा पुलको छानामा चढ्न पाउँदा रहेछन्। यस ताल क्षेत्रमा गल्फ मैदान पनि रहेछ। हाफ पाइन्ट र गंजी लगाएर गएको हुनाले मैले पनि एरिकहरूसँगै गल्फ खेलें।

तालमा रंगीबिरंगि डुंगामा बालबालिका वयस्क सबै नौका विहार गरिरहेको देखिन्थ्यो। एकजनाले मात्रै चलाउने डुंगा (canoeing) पनि गर्दा रहेछन्। कोही बल्छी थापेर माछा मारिरहेका थिए। कोही पिकनिक गरिरहेका थिए। त्यस दिन यति रमाइलो यसकारणले पनि भयो अमेरिकन रोटरियन साथीहरूसँग विभिन्न क्रियाकलाप अवलोकन गरी मज्जाले दिन बिताउन पाइयो। यस प्रकार एलिनोइ आएको दोस्रो दिन पनि समाप्त भयो।



गल्फ मैदानमा अमेरिकन साथीहरूसँग सुरेन्द्र

# नेपाली कम्युनिस्ट लिगको स्थापना-४




■ शम्भुराम श्रेष्ठ

नेपाली कम्युनिस्ट लिगको स्थापना

'राणाशाहीको अन्त्यको साथसाथै नेपालमा अंग्रेज साम्राज्यवादको १३५ वर्ष लामो अर्धऔपनिवेशिक रजाइँ पनि समाप्त भयो। तर नेपाल अर्धऔपनिवेशिक पराधीनताबाट मुक्त भई स्वाधीन हुन पाएन, अर्धउपनिवेशको अर्धउपनिवेश नै रहन गयो, किनभने त्यसको लगत्तै नेपाल फेरि भारतीय विस्तारवादको अर्धउपनिवेशमा रुपान्तरित हुन गयो चाहे त्यो नेहरू सरकारले अंग्रेज साम्राज्यवादबाट अपुतालीको रुपमा हात पारेबाट भएकै किन नहोस्।'

'नेपाल अद्यावधि अर्धउपनिवेश तथा अर्धसामन्ती नै रहेको र त्यो अवस्था रहुन्जेल नेपालमा सर्वहारा समाजवादी 'क्रान्ति' को निम्ति आवश्यक सामजिक आधार तयार नहुने हुँदा नेपाली कम्युनिस्ट लिग जो आफ्नो खास कार्यक्रम अर्थात् सर्वहारा समाजवादी क्रान्तिको कार्यक्रमलाई अधिकतम कार्यक्रमको रुपमा राखेर मौजुदा अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थाबाट चाँडोभन्दा चाँडो नेपाली समाजलाई मुक्त गरी नेपालमा सर्वहारा समाजवादी क्रान्तिको निम्ति आवश्यक सामाजिक आधार तयार पार्ने कार्यलाई न्यूनतम कार्यक्रमको रुपमा अपनाएको छ।

सन् १८१४ मा नेपालमाथि अंग्रेज साम्राज्यवादद्वारा भएको आक्रामक युद्धको परिणाम स्वरुप सन् १८१६ मा सुगौली सन्धि भएदेखि सन् १९५१ सम्म अर्थात् १३५ वर्षसम्म नेपालको अंग्रेज साम्राज्यवादीहरूको अकण्टक अर्ध औपनिवेशिक रजाइँ रहिरह्यो। तर त्यति लामो कालसम्म पनि नेपालमा त्यसको कहिल्यै विरोध भएन। अंग्रेज साम्राज्यवादको कठपुतली राणा शासनको अन्तिम दशकमा मात्रै राणा जहानिया शासनविरुद्ध नेपाल प्रजा परिषद्को स्थापना भयो र त्यसले नं. १ देखि नं. ३ सम्म राणा शासनको विरोधमा काठमाडौंमा पर्चाहरू छर्ने काम गर्‍यो जो नेपालको पहिलो राजनीतिक पार्टी थियो र पहिलो राजनीतिक आन्दोलन थियो। तर त्यही प्रजा परिषद्ले पनि प्रत्यक्ष रुपले अंग्रेज साम्राज्यवादले नेपाललाई अर्धउपनिवेश बनाएको कुराको कहिल्यै विरोध गरेन। राणा जहानियाँ शासनको विरोधमा प्रजा परिषद्ले नं. १ देखि नं. ३ सम्मका पर्चाहरू के छरेको थियो, आफूमित्रैबाट एकजनाले पोल खोलिदिएकाले नेपाल प्रजा परिषद्का सबका सब नेताहरू र सदस्यहरू पक्राउ परे, जसमध्ये श्री शुक्रराज शास्त्री र धर्मभक्त माथेमालाई रुखमा झुण्ड्याएर र दशरथ चन्द र गंगालाललाई गोली हानेर मारिइ भोलिपल्ट दिनभर नेपाली जनताले हेरुन् देखुन् र कहिल्यै राणा शासनको विरोधमा टाउको उठाउन आँट नगरुन् गर्न नसकुन् भन्ने विचारले ती चार जना अमर सहिदहरूको पार्थिव शरीर प्रदर्शन गरिराखियो। अरु बाँकी प्रजा परिषद्का नेता तथा सदस्यहरूलाई आजीवन कैदको सजाय सुनाई जेल पठाइयो। तर राणा शासकहरूको त्यो क्रुर पाशविक दमनदेखि नेपाली जनता विल्कुलै तर्सेनन्, उल्टै तिनीहरू राणा शासनको विरोधमा आक्रोशित भए। १९९७ साल माघको दोस्रो हप्तामा उक्त दमन भयो र त्यसको लगत्तैपछि भनेजस्तै अर्थात् ३ महिनापछि १९९८ सालको सुरु सुरुमै राजधानीमा प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज र शम्भुराम श्रेष्ठ लगायत केही युवकहरूले राणा शाहीसँग बदला लिने र नेपाल प्रजापरिषद् आन्दोलनलाई मर्न नदिई बचाइराख्ने विचारले प्रजा परिषद्कै नाममा अर्को भूमिगत राजनीतिक पार्टी गठन गरे। त्यसको ५ वर्षपछि विश्वेश्वरप्रसाद कोइराला र गणेशमान सिंहलगायत केही नेपाली युवकहरूले भारतमा नेपाल राष्ट्रिय कांग्रेस गठन गरे। त्यसको लगत्तै जनरल सुवर्णशमशेरको नेतृत्वमा नेपाल प्रजातान्त्रिक कांग्रेस खोलियो। भारतको कलकत्तामै सन् १९४९ को सेप्टेम्बर १५ को दिन पुष्पलालको अगुवाइमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो।

'आखिर त्यो कारण थियो, जसले गर्दा अंग्रेज साम्राज्यवादले नेपालमा त्यति लामो कालसम्म अर्धऔपनिवेशिक रजाइँ गरिरहँदा पनि त्यसको विरुद्ध नेपालमा कुनै प्रतिरोध भएन, सामान्य विरोधसम्म पनि भएन। हाम्रो विचारमा त्यसो हुनाको वास्तविक कारण के हुन सक्छ भने जसरी अंग्रेज सामाज्यवादले चीन र भारत आदि एसियाली, अफ्रिकी अर्धऔपनिवेशिक तथा औपनिवेशिक मुलुकहरू आधुनिक उद्योगहरू खोली पुँजीवादको विकास गर्‍यो नेपालमा त्यस्तो केही गरेन, आफूलाई सिर्फ नेपाली युवकहरूलाई आफ्नो साम्राज्यवादी सेनामा भर्ती गर्ने काममा मात्र सीमित राख्यो। फलतः नेपालयमा औद्योगिक मजदुर वर्गको जन्म नै भएन र प्रत्यक्ष शोषण नभएको हुँदा अंग्रेज साम्राज्यवादको शोषण विरुद्ध ठाडो मुठभेड हुने स्थिति नै भएन।'

# नयाँ वर्षको शुभकामना काव्य गोष्ठी




नयाँ वर्ष २०७८ को उपलक्ष्यमा आरम्भ साहित्य प्रतिष्ठानले शुभकामना काव्य गोष्ठी आयोजना गरेको छ। आरम्भका अध्यक्ष प्रेम वली ढकलपुरेको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि वरिष्ठ हास्यकवि चट्याङ मास्टर रहनुभएको थियो।

कार्यक्रममा रुद्र अधिकारी, पुन्य आचार्य, भुवन शिवाकोटी, डिल्लीप्रसाद मुल्तिहुन, थरेन्द्र बराल, विमला अधिकारी, मुकुन्द त्यौपाने, प्रभाकर पाण्डे, प्रेम राई परिक्षक, मुकुन्द दाहाल, नरनाथ शर्मा, कालीदास लगायत स्रष्टाहरूले गीत, गजल, कविता प्रस्तुत गरेका थिए भने कोपिला घिमिरेले कार्यक्रम सञ्चालन गरेकी थिइन्।

# फर्सीको फाइदा



फर्सी हामीले प्राय तरकारीका लागी प्रयोग गर्ने चिनिएको तरकारी हो। लहरामा फल्ने यो तरकारी नियमित सेवन गर्नाले शरीरको स्वस्थलाई धेरै फाइदा गर्छ।


प्रशस्त मात्रामा भिटामिन ए, फलाम, फाइबर लगायत विभिन्न पौष्टिक तत्वहरू पाइने यो तरकारीको मुन्टा, पात, फूल र फल सबै उपयोगी हुन्छ।

**फर्सी खानुको यस्ता छन् फाइदा**

- रातिमा निन्द्रा नलाग्ने तथा निन्द्रा कम लाग्ने व्यक्तिहरूलाई निन्द्रा लगाउनमा मद्दत गर्ने
- मोटोपन नियन्त्रण गर्न सहयोग पुर्‍याउने
- मुटुलाई स्वस्थ राख्न मद्दत गर्छ
- ब्लड सुगरको लेभललाई सन्तुलित बनाउछ
- कमलपित्त, क्षयरोग, बढी तिर्खा लाग्ने, कलेजोमा खटिरा जास्ता रोगलाई कम गर्ने
- फर्सीका १०-१५ बियाँ नियमित खाँदा छाती पोलेको समस्या कम गर्ने

# नियात्रा त्यो यात्रा थियो कि म्याराथन ?

✍ - रामप्रसाद पन्त




हामीलाई कतै अडिने फुर्सद थिएन, बोल्ने फुर्सद थिएन, सोच्ने फुर्सद थिएन। एकछिन उभिएर सल्लाह गर्ने फुर्सद त झन् छँदै थिएन। हामी सरासर गएर आ-आफ्नो सिटमा बस्यौं। कत्ति बेर नगरेर ड्राइभरहरूले जीप हाँके – अपराह्न ४ बजे।

मभित्र अझ पनि आशा जीवित थियो। मैले सुनेका कुराहरू मस्तिष्कमा तरङ्गित हुँदै थिए– जीपकै सिसाबाट भए पनि चौरास्तामा उभिएका मेरा साहित्यिक पुर्खा भानुभक्तलाई देख्न पाउँछु कि! धीर शमसेरको नाममा जुद्ध शमसेरले बनाएको धीरधाम, अर्थात् पशुपति मन्दिर देख्न पाउँछु कि! नेपाली भाषा-साहित्यको धाम, दार्जिलिङ नेपाली साहित्य सम्मेलनको भवन देख्न पाउँछु कि! के थाहा, टाइगर हिलकै बाटो भएर पो जान्छ कि जीप! गए त मिरिक ताल पनि देख्न पाइएला!

म आँखा पाटिने गरी निर्निमेष बाहिर हेरिरहेको थिएँ, मुकवत् टोलाइरहेको थिएँ। धेरै वर्षअघि पुगेका रोचक दाइ पनि द्विविधामा हुनुहुन्थ्यो– 'कता हो कता खोई? यो कुन बाटो हो? मैले भेउ पाउने सकेको छैन।'

तर दुर्भाग्य! मैले थाहा पाइहालें– अघि आएकै बाटोमा कुदन थाले जीपहरू। मेरो मन कुँडियो, मेरो मन भाँचियो, मेरो मुटु छियाछिया भयो, म आहत भएँ। कसैले तँ दार्जिलिङ गएको छस्? भनी सोध्यो भने मैले भन्न भएँ– 'गएको छु।' के के देखेको छस्? भन्यो भने मैले भन्ने भएँ– 'टोय ट्रेन', गोर्खा दुःख निवारण सम्मेलनको भवन र इन्द्रबहादुर राईको घर।

हामी जोरबङ्गला आयौं र घुमपहाडबाट सुकेरोड हुँदै पशुपतिनगर उन्मुख भयौं। मैले थकित र उत्साह विहीन स्वरमा ड्राइभरलाई सोधें– 'खरस्याङ जाने बाटो कुन हो भाइ? कताबाट गइन्छ?' उसले भन्यो– 'अझ पर (पूर्व)बाट ओरालो लाग्छ।' उसले थप्यो– 'धेरै छन् बाटाहरू खरस्याङ जाने– छ/सात वटा।'

उसले गफ छाँट्यो कि जस्तो लाग्यो मलाई। फेरि भन्यो– 'पशुपतिनगर जाने बाटाहरू पनि अरु छन्। कुन बाटोबाट लैजाऊँ? अरु केही सोध्नुछ भने सोधिहाल्नुस्, म दार्जिलिङमा जन्मेको मानिस दार्जिलिङका बारेमा सबै कुरा थाहा छ। म अमर राई। दार्जिलिङमा अमर भनिसकेपछि बच्चाबच्चाले चिन्छ मलाई।'

के खालको मान्छे होला! विना प्रसङ्गका कुरा फरफर भन्दैछ। म उसको स्वभाव पढ्न खोज्दै थिएँ। विचार गरें– ड्राइभर हो, धेरैबेर पर्खनुपर्दाको असन्तुष्टि पोख्दै होला! अस्तिको ड्राइभरलाई सम्झें– कालिङ्पोङमा धेरैबेर पर्खनपर्दा रन्केको थियो, यादव।

मैले विनम्रतापूर्वक सोधें– भाइ! पशुपतिनगर कति किलोमिटर छ?

उसले भन्यो– तीस।

अनि बीच बाटोमा आएको एउटा बजारको नाम सोधें। भन्यो – सुकेपोखरी। उसले थप्यो– 'त्यसै भएर यस बाटोलाई सुकेरोड भनिएको। बुझ्नु भो?'

बाटो निरन्तर ओरालो लाग्दै थियो। मेरो अनुमान ठीक निस्कँदै थियो। दार्जिलिङको उच्च पहाडी क्षेत्रभन्दा इलामको पशुपतिनगर पक्कै तल होला! हुस्सु लागेर केही नदेखिने भएको थियो बाह्य जगत्। त्यसमाथि सिमसिम पानी परिरहेको थियो। म पूर्वतर्फ सङ्केत गर्दै अमरलाई सोध्दै थिएँ– 'हुस्सुले केही देख्न पाइएन, यसतर्फ के के छ? के के देख्न पाइन्छ? के भनिन्छ यसतर्फको गाउँ पहाडहरूलाई?'

'मेची खोला। मेचीखोलाको वल्लो किनारमा एउटा राम्रो सलकपुर फाँट छ। राम्रो खेती हुन्छ त्यहाँ। तरकारी फलफूलहरू प्रशस्त पाइन्छ त्यहाँ। सुन्तलाको सिजनमा सुन्तलै सुन्तलाको बजार लाग्छ त्यहाँ र अलैंची पनि धेरै उत्पादन हुन्छ त्यहाँ। इलाममै पर्ने भए पनि नेपालीको भन्दा इन्डियनको घुइँचो लाग्छ त्यस बजारमा।'– उसले भन्यो।

अहिले भने रामै उत्तर दिएजस्तो लाग्यो मलाई। मेरो मन पुलकित भयो। सोचें, यस्तो भारतीय घुइँचो नेपालका अरु सिमाक्षेत्रमा पनि त भए हुन्थ्यो! कति भारतीय सीमाक्षेत्रमा मात्र नेपालीको घुइँचो लागिरहने त? नेपाल र भारतको सम्बन्ध प्रगाढ भएकै कारण त हामी दुवै देशका नागरिकलाई सीमा बन्देज छैन। साहित्य होस् या शिक्षा, कृषि होस् या पर्यटन, व्यापार होस् या व्यवसाय, रोजिरोटी होस् या चेलीबेटी सबै दृष्टिकोणले नेपालीको पूर्वी क्षेत्र र त्यसैमा पनि इलामको सम्बन्ध बढी दार्जिलिङमा छ र वस्तु विनिमयको मामिलामा त भारतले भन्दा नेपालले नै बढी फाइदा लिइरहेको छ। *(क्रमशः)*

# सवारी दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं। सर्लाही, बागमती नगरपालिका-८ गाँजली चोकस्थित सडकमा विआर ३० एम ३४५२ नम्बरको मोटरसाइकललाई ज.१ त १५७४ नम्बरको ट्याक्टरले मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरू मोटरसाइकल चालक बरहथवा नगरपालिका-१५ पिपराभित्ता बस्ने ४५ वर्षीय भिखारी सहनी र मोटरसाइकलमा सवार रौतहट परोहा नगरपालिका-९ बस्ने ४० वर्षीय प्रकाश सहनी रहेका छन्। दुर्घटनामा परी गम्भीर घाइते भएका उनीहरूको जिल्ला अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ।

महोत्तरी, बर्दिबास नगरपालिका-३ कालापानी जगलस्थित सडकमा ना.१ क.८४५० नम्बरको ट्रक र बा.२ ब ९३३८ नम्बरको मोटरसाइकल मंगलबार साँझ एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक मोरङ कानेपोखरी गाउँपालिका-३ बैरबन बस्ने २७ वर्षीय नरेन्द्र दुलालको मृत्यु भएको छ। दुर्घटना परी गम्भीर घाइते भएका उनको जनसेवा अस्पताल बर्दिबासमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा परी घाइते भएका सोही मोटरसाइकलमा सवार मोरङ सुनदरहरैचा नगरपालिका-९ बस्ने ३४ वर्षीय केदार प्रसाद बास्तोलाको जनसेवा अस्पताल बर्दिबास हुँदै थप उपचारको लागि धरानतर्फ रिफर गरिएको छ। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कपिलवस्तु, बाणगंगा नगरपालिका-८ चपरगाउँस्थित सडकमा ना.४ ख ६२१७ नम्बरको ट्रकले लु.५९ प ६४४१ नम्बरको मोटरसाइकललाई मंगलबार बेलुका ठक्कर दिँदा मोटरसाइकल चालक बुद्धभुमी नगरपालिका-४ बस्ने ३५ वर्षीय नन्द राम पौडेलको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको सामुदायिक अस्पताल जितपुर कपिलवस्तुमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ।

बारा, जितपुर सिमरा उपमहानगरपालिका-१६ पिलुवास्थित सडकमा बा.४ ख ५१०१ नम्बर गाडीको ठक्करबार हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरुषको मंगलबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको कलैया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मोरङ, सुन्दरहरैंचा नगरपालिका-७ गोठगाउँस्थित सडकमा प्रदेश १-०२-००१ ख ८५३० नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीया मैया श्रेष्ठको बुधबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको नोबेल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो। टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चितवन, इच्छाकामना गाउँपालिका-३ पानीधारास्थित सडकमा लु.२ ख ५११३ नम्बरको ट्रक आफैं अनियन्त्रित भई सडक देखि अन्दाजी १ सय ५० मिटर तल त्रिशुली नदी किनारमा खसेर बुधबार बिहान दुर्घटना हुँदा ट्रक चालक रुपन्देही देवदह नगरपालिका-५ बस्ने ३४ वर्षीय अग्निधर पाण्डेको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ट्रकका सहचालक नवलपरासी कावासोती घर भएका २० वर्षीय अतिमान धनेतलाई उपचारको लागि स्थानिय अस्पतालतर्फ लगिएको छ।

# साधनास्थल बन्दै हरिहर गुफा



विश्वमा नै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा ख्याति कमाएको पर्यटकीय नगरी पोखराको पूर्वोत्तरस्थित हरिहर गुफा संन्यास आश्रम योग तथा साधनाको गन्तव्यका रुपमा विकास हुँदै गएको छ।

समुद्र सतहदेखि एक हजार ३०० मिटर उचाइमा रहेको आश्रमको ऐतिहासिक गरिमा र महत्वका साथै रमणीयस्थान रहेका कारण साधना गर्न चाहनेका लागि आकर्षक गन्तव्य बनेको हो। धार्मिक वनका रुपमा रहेको करीब ७४ रोपनी वनसहित उच्च भागमा अवस्थित यो स्थल पर्यटकीय नगरी पोखराको दृश्यवलोकनका साथै माछापुच्छ्रे, अन्नपूर्णलगायतका रमणीय हिमाली दृश्यको अवलोकनका लागि पनि उत्तीकै महत्वपूर्ण रहेको छ।

यहाँको धार्मिक एवं ऐतिहासिक महत्वसमेतका आधारमा दृश्यावलोकनका साथै योग तथा साधना गर्न चाहने जो कोहीका लागि आश्रमस्थल पुनर्पर्नस्थलका रुपमा बढिरहेको छ। आश्रमस्थित हरिहर भगवानको मन्दिर शैव र वैष्णवहरूको साझा तीर्थस्थल मानिन्छ। मन्दिरमा रहेको मूर्तिमा आधा भाग भगवान विष्णु(हरि) को र आधा भाग भगवान शिव (हर) को रहेका कारण हरिहर भनिएको हुनसक्ने आश्रम व्यवस्थापन समितिका सदस्य रेशम खत्रीले जानकारी दिनुभयो। मन्दिर परिसरमा ध्यान गुफा समेत छ।

उपलब्ध सनद अनुसार १८ औं शताब्दीमा पञ्च जुना अखडा (भारत) का विख्यात स्वामी दिगम्बर बाबाका वरद शिष्य १०८ स्वामी अम्बर गिरीजी महाराजले आश्रम स्थापना गर्नुभएको हो। यस मन्दिरमा पञ्चमुखी हनुमान, श्री गणेश आदिका मूर्ति छन्। आश्रमको वैधानिकताका लागि विसं १९०६ वैशाख शुक्ल (गङ्गा) सप्तमीमा श्री ३ जङ्गबहादुर राणाबाट स्थापित इष्टदेव श्री हरिहर भगवानको पूजा आराधाना गर्नु, सरकारको जय मनाउनु, मन्दिर वरिपरीको वन गुल्जार गर्नु आदि कुरा उल्लेखित सनद अहिले पनि उपलब्ध छ।

यस धार्मिक पर्यटकीय स्थलको विकासमा सम्बन्धित पक्षले ध्यान पुर्‍याए भविष्यमा राम्रो पर्यटकीय स्थल बन्न सक्ने स्थानीयहरूको भनाइ छ। आवश्यक पूर्वाधार विकासका साथ यसलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउँदै योगाभ्यास तथा साधनास्थलका रुपमा विकास गरिने बताइएको छ।

आश्रमस्थललाई योग तथा साधनास्थलका रुपमा विकास गर्ने सोचका साथ यहाँ आएर योग तथा साधना गर्न चाहनेका लागि आठ वटा साधक निवास तयार गरिएको छ। त्यस्तै गण्डकी प्रदेश सरकारको सहयोगमा एक करोड १६ लाखको लागतमा खानेपानीको व्यवस्थापन गरिएको छ। प्रदेश सरकारकै सहयोगमा मन्दिर परिसरस्थित तारबारसहितको आश्रमभित्रको ५५० मिटरको पदमार्गमा सात लाख १७ हजारको लागतमा बत्ती जडान गरिएको छ। आश्रममा साउने सोमबार, महाशिवरात्रि, बालाचतुर्दशी, हनुमान जयन्ती, कृष्ण जन्माष्टमी, रामनवमीलगायतका पर्वमा विशेष पूजाआजा हुँदै आएको छ।

# रिपब्लिकनलाई बहुमत दिलाइने



विष्णु भट्टराई



४६ औं अमेरिकी राष्ट्रपति निर्वाचनमा पराजित भएपछि डोनाल्ड ट्रम्प मौन नै रहे। पूर्वराष्ट्रपति ट्रम्पले निर्वाचनमा डेमोक्रेटिक पार्टीले व्यापक धाँधली गरेको र आफूलाई परिणाम स्वीकार्य नभएको मात्र प्रतिक्रिया दिइरहे। निर्वाचन सकिएको लगभग पाँच महिनासम्म चुपचाप बसेका ट्रम्प पुनः एकपटक चर्चामा आएका छन्।

ट्रम्पले २०२२ मा हुने सिनेट निर्वाचनमा रिपब्लिकनलाई जित दिलाउने विश्वास मात्र दिलाएनन्, पार्टीले स्पष्ट बहुमतसमेत प्राप्त गर्ने दाबी गरेका छन्। शनिबार दाताहरूसँगको डिनर (रात्रिभोज) कार्यक्रममा ट्रम्पले भने, 'सन् २०२२ मा सिनेटको निर्वाचन हुँदै छ, यसमा म रिपब्लिकनलाई बहुमत नै दिलाउनेछु।' सिनेटमा रिपब्लिकन पार्टीको बहुमत हुँदा डेमोक्रेटिकले सत्तामा चलखेल र दबदबा गर्न नपाउने उनको भनाइ छ।

'सिनेटमा हाम्रो कब्जा हुनेछ, त्यसपछि सत्तासीनले केही पनि गर्न सक्दैन,' ट्रम्प भन्छन्, 'यति वेला म रिपब्लिकन पार्टीलाई एक बनाउने कोसिसमा छु।' सिनेट निर्वाचनले रिपब्लिकनको भविष्य निर्धारण हुने उनले जनाए। 'हामी सबै अमेरिकामा रिपब्लिकन झन्डा फहराउन लाग्नुपर्छ, यसैमा हाम्रो भविष्य जोडिएको छ।'

ट्रम्पले आफ्नो ध्यान दुई वर्षपछि हुने सिनेट निर्वाचनमा भएको बताए पनि २०२४ को राष्ट्रपतिको उम्मेदवारसम्बन्धी केही बोलेनन्। तर, ट्रम्पले घुमाउरो रूपले आफूहरूमध्ये एक ह्वाइटहाउसको सिटमा हुने बताए। 'तीन वर्षपछि हुने राष्ट्रपति निर्वाचनबारे सोचेकै छैन, यतिवेला म यति मात्र भन्न सक्छु, ह्वाइटहाउसमा हामीमध्ये एकजना अवश्य पुग्नेछौं,' सिनेटसँगै ४७औं राष्ट्रपतीय निर्वाचनको खाका बिस्तारै खुलाउँदै पूर्वराष्ट्रपति ट्रम्पले भने, 'प्रतीक्षा गर्नुस्, दिन हाम्रै हुनेछ।'

यसैबीच, ट्रम्पले दाताहरूलाई पुनः एकपटक २०२२ को सिनेटर निर्वाचनमा सहयोग गर्न आग्रह गरेका छन्। सीमित व्यक्तिबीच सम्पन्न डिनरमा पूर्वउपराष्ट्रपति माइक पेन्स तथा सिनेटका अल्पसंख्यक नेता मिच म्याककोनेल सहभागी थिए। फ्लोरिडामा भएको डिनर पार्टीमा ट्रम्पले नोभेम्बरमा भएको निर्वाचनमा सहयोग गर्ने सबै दातालाई धन्यवाद दिएका छन्।

ट्रम्पले ह्वाइटहाउसबाट बाहिरिनुपर्दा दुःख लागेको बताएका छन्। आफ्ना दाताहरूलाई आश्वस्त पार्दै ट्रम्पले ३ नोभेम्बरमा भएको निर्वाचन कसैले पनि आत्मसात् नगरेको जनाएका छन्। क्यापिटल हाउसमा भएको दंगामा आफ्नो कुनै हात नरहेको उनले पुनः दाबी गरेका छन्।

६ जनवरीमा क्यापिटल हाउसमा निर्वाचनको आधिकारिक परिणाम सुनाउने कार्यक्रम थियो। ट्रम्पका समर्थकले हाउसभित्र छिर्दै उपद्रो मच्चाएका थिए। जसमा एक सुरक्षाकर्मीसहित ६ व्यक्तिको निधन भएको थियो। जनवरीमा डेमोक्रेटिकले ट्रम्पमाथि महाअभियोगको प्रस्ताव राखेको थियो। उनीमाथिको महाअभियोग पारित भएन। जसका कारण ट्रम्प अभियोगबाट मुक्त भएका थिए। ट्रम्पले पछिल्लो राजनीतिक घटनाक्रमबारे आफूले पुनरावलोकन नगर्ने र केवल आसन्न सिनेटको निर्वाचनमै ध्यान केन्द्रित रहेको स्पष्ट पारेका छन्।

यो रात्रिकालीन भोज आयोजना गर्नुअघि नै म एउटा स्पष्ट निर्णयमा पुगिसकेको थिएँ, मलाई विश्वास छ, ०२२ को सिनेट निर्वाचनमा हाम्रो नै जित हुनेछ र रिपब्लिकन फेरि ह्वाइटहाउसमा फर्कनेछ : ट्रम्प

'निर्वाचनमा हामी किन असफल भयौं, त्यसबारे अहिले चर्चा गर्नु आवश्यक देखिदनँ, यो बेला २०२२ को सिनेट निर्वाचनमै लाग्नुपर्छ,' उनले भने। सो डिनर कार्यक्रममा ट्रम्पले पहिलाजस्तै खुलेर कुराकानी गरेको एजेन्सीहरूले जनाएका छन्।

उनी भन्छन्, 'यो रात्रिकालीन भोज आयोजना गर्नुअघि नै म एउटा स्पष्ट निर्णयमा पुगिसकेको थिएँ, मलाई विश्वास छ, २०२२ को सिनेट निर्वाचनमा हाम्रो नै जित हुनेछ र रिपब्लिकन फेरि ह्वाइटहाउसमा फर्कनेछ।' सिनेटपछि राष्ट्रपतीय निर्वाचन पनि रिपब्लिकनकै कब्जामा आउने उनले घमण्डका साथ बोलेका छन्।

ट्रम्प भन्छन्, 'पहिलो २०२२ त्यसपछि २०२४ मा हाम्रा सिनेटर ह्वाइटहाउसमा प्रवेश गर्नेछन्।' ट्रम्पले आफ्ना निजी सचिव माइक पोम्पेए तथा फ्लोरिडाका गभर्नर रोन डेसान्टेसलाई उठाउनेछन्। ट्रम्पले डिनर कार्यक्रममा वर्तमान राष्ट्रपति जो बाइडेनविरुद्ध तिखो टिप्पणी गरेका छन्।

रिपलिब्कन पार्टीले दुई वर्षभित्र मध्यम तथा मजदुर वर्गको हितमै काम गर्ने उनले बताए। 'हामीसँग मध्यम वर्गीय समूह रहँदा ह्वाइटहाउसमा बसेका बाइडेनले हार स्वीकार गर्नुपर्छ,' बाइडेनविरुद्ध खनिँदै उनले भने, '२०२२ को विजयपछि हाम्रा च्याम्पियनले ह्वाइटहाउसमा झन्डा गाड्नेछन्, त्यसवेला डेमोक्रेटिक मुख छोपेर बाहिरिनेछ।'

# फिलिपको मृत्युले ब्रिटेन शोकमा





बेलायती महारानी एलिजाबेथ द्वितीयालाई पति शोक परेको छ। महारानीका पति राजकुमार फिलिपको गत साता ९९ वर्षको उमेरमा विन्डसर क्यासलमा निधन भएको बकिङ्घम राजदरबारले घोषणा गरेको छ।

रानीले गहिरो दुःखका साथ उनका श्रीमान् ड्युक अफ एडिनबरा राजकुमार फिलिपको मृत्यु भएको घोषणा गरेकी राजदरबारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। राजदरबारमा ब्रिटिस झन्डा आधा झुकाइएको छ।

उपचारका क्रममा एक महिना अस्पतालमा बिताएपछि ड्युक गत १६ मार्चमा आफ्नो निवास विन्डसर क्यासल फर्किएका थिए। टेन डाउनिङ स्ट्रिटमा बोल्दै प्रधानमन्त्री बोरिस जोन्सनले भने, 'ड्युकको निधनको समाचार सुन्दा साह्रै दुःखी भएको छु। ड्युकले अनगिन्ती युवाहरूको जीवनलाई प्रेरित गरेका थिए।'

फिलिप ग्रिसको कोर्फु द्वीपमा १० जुन सन् १९२१ मा राजपरिवारमा जन्मिएका थिए। उनी एक वर्षको हुँदा ग्रिसमा क्रान्ति भयो। त्यहाँको अदालतले उनका पितालाई ग्रिसबाट निकाला गरिदियो। त्यसपछि उनीहरू बेलायत पुगेका थिए।

दोस्रो विश्वयुद्धको संघारमा फिलिप सैन्य सेवामा भर्ती भएका थिए। उनी रोयल न्याभीमा थिए। एलिजाबेथ भ्रमणमा आउँदा भेट भयो। दुवैबीच सन् १९४७ मा विवाह भयो। विवाहको पाँच वर्षपछि एलिजाबेथलाई बेलायतको राजगद्दी सम्हाल्ने जिम्मेवारी आएको थियो।

बीबीसीका अनुसार राजकुमार फिलिप र महारानी एलिजाबेथका चार सन्तान, आठ नातिनातिनी छन् र १० जना पनातिपनातिनी छन्।

उनीहरूका छोरा प्रिन्स अफ वेल्स पनि भनिने राजकुमार चार्ल्स सन् १९४८ मा जन्मिएका थिए। त्यसपछि राजकुमारी एन सन् १९५० मा जन्मेकी थिइन् भने ड्युक अफ योर्क राजकुमार एन्ड्र्यु सन् १९६० मा जन्मेका थिए। त्यसैगरी अर्ल अफ वेसेक्स प्रिन्स एडवार्ड सन् १९६४ मा जन्मिएका बीबीसीका समाचारमा उल्लेख छ।

नेपाली र विशेष गरी गोर्खासँग बेलायती दरबारको निकट सम्बन्ध छ। बेलायतको नेपाली समुदाय फिलिपको निधनबाट दुःखी भएको छ। 'उनको नेपालप्रति बेग्लै सद्भावना थियो।

'दोस्रो विश्वयुद्धदेखि अहिलेसम्म ब्रिटेनमा स्थायित्व कायम राख्न ब्रिटिस महारानीलाई उहाँको सहयोग निकै महत्त्वपूर्ण रह्यो,' सुवेदीले भने, 'उहाँले थुप्रै ब्रिटिस च्यारिटीहरूको संरक्षकका रूपमा ती संस्थाहरूलाई सघाउनुभयो। विश्वभरि नै उहाँको अनुपस्थिति खड्किनेछ।'

## फिलिपको अन्त्येष्टि सकियो

बेलायती महारानी एलिजाबेथ द्वितीयाका श्रीमान् राजकुमार फिलिपको अन्त्येष्टि सकिएको छ। बेलायती राजदरबार बकिङ्घम प्यालेसका प्रवक्ताका अनुसार फिलिपको स्थानीय समयअनुसार दिउँसो ३ बजे विन्डसोरस्थित सेन्ट जर्ज गिर्जाघरमा अन्त्येष्टि गरिएको थियो।

फिलिपको सम्झनामा क्यान्टरबरीस्थित गिर्जाघरमा प्रार्थनासभा आयोजना गरिएको थियो। क्यान्टरबरीका आर्च बिसप, जस्टिन वेल्बीको नेतृत्वमा उक्त प्रार्थना सभा आयोजना गरिएको थियो। कोरोना भाइरसको महामारीका कारण अन्त्येष्टि समारोहमा राजपरिवार सदस्यहरू र निकटका ३० जनालाई मात्रै सहभागी गराइएको बीबीसीले जनाएको छ।

प्रधानमन्त्री बोरिस जोन्सनसमेत समारोहमा सहभागी भएनन्। सर्वसाधारणलाई टाढै रहन भनिएको थियो। फिलिप निवासमा सर्वसाधारणले पुष्पगुच्छा चढाइरहँदा त्यसको सट्टा च्यारिटीलाई सहयोग गर्न अपिल गरिएको थियो। फिलिपको अन्त्येष्टिमा सहभागी हुन बेलायती प्रिन्स ह्यारी क्यालिफोर्नियाबाट लन्डन आएका थिए। ह्यारी राजपरिवारको सम्पूर्ण जिम्मेवारी त्यागेर श्रीमती मेघन र छोरा आर्चीका साथ अमेरिकामा बस्दै आएका छन्। अन्त्येष्टिमा मेघन भने गर्भवती भएकाले चिकित्सकहरूको सुझावअनुसार सहभागी भइनन्।

सन् १९४७ नोभेम्बर २० मा बिहे गरेका राजकुमार फिलिप र रानीका ४ सन्तान, ८ नातिनातिना र १० जना पनाति-पनातिनी छन्। फिलिपको निधनसँगै ह्यारी मेघन र शाही परिवारबीच पछिल्लो समय देखिएको तिक्तता हट्ने अपेक्षा गरिएको छ। आमा डायनाको निधनपछि प्रिन्स ह्यारी र विलियमको अभिभावक रहेका बेलायती पूर्वप्रधानमन्त्री सर जोन मेजरले यो शोकको घडीले शाही परिवारबीचको दूरी अन्त्य गर्ने बताएका छन्।

बेलायती महारानी एलिजाबेथ द्वितीयाका पति राजकुमार फिलिपको निधनप्रति विश्व समुदाय स्तब्ध भएको छ। विन्डसर क्यासलमा दिवंगत भएका फिलिपलाई विश्वभरका राजसंस्था, राष्ट्रप्रमुख, बहालवाला तथा पूर्वप्रधानमन्त्रीहरूले श्रद्धाञ्जली अर्पण गर्दै उनको योगदानको स्मरण गरेका छन्।

युरोपेली राजपरिवार र कमनवेल्थ राष्ट्रका नेताहरूले स्वर्गिय फिलिपप्रति समवेदना प्रकट गर्दै उनको असाधारण राष्ट्रसेवाको स्मरण गरेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेन र जीवित सबै अमेरिकी पूर्वराष्ट्रपतिहरू, पोप फ्रान्सिस र आध्यात्मिक तिब्बती नेता दलाई लामाले पनि समवेदना प्रकट गरेका छन्। चिनियाँ राष्ट्रपति सी चिनफिङले बेलायती महारानीलाई समवेदना सन्देश पठाएको बीबीसीले जनाएको छ। फिलिपको निधनमा अस्ट्रेलियाको क्यानबेरास्थित संसद् भवनको झन्डा आधा झुकाइएको छ। प्रिन्स फिलिप सन् १९५४ मा राज्याभिषेकपछि पहिलो विदेश भ्रमणका क्रममा रानीका साथ अस्ट्रेलिया पुगेका थिए।

राजकुमार फिलिपको जन्म सन् १९२१ जुन १० मा ग्रिसको कोर्फु द्वीपमा भएको थियो। उनी ग्रिसका राजकुमार एन्ड्र्यु र बाटेनवर्गकी राजकुमारी एलिसका एकमात्र छोरा थिए। बेलायतकी महारानीसँग सात दशकभन्दा लामो वैवाहिक जीवन सँगै बिताएका फिलिप र महारानीले विश्वका सयौं राजकीय भ्रमण गरेका थिए। सन् १९५२ देखि अवकाश नलिँदासम्म झन्डै २२ हजार त्यस्ता कार्यक्रममा सहभागी भएका थिए। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार, फिलिपमा युवाहरूको कल्याण तथा वन्यजन्तु र प्रकृति संरक्षणमा विशेष रुचि थियो।

सन् २०१७ अगस्टमा सार्वजनिक जीवनबाट अवकाश लिएका प्रिन्स फिलिप केही समयअघि अस्वस्थ भएका कारण एक महिना अस्पतालमा बिताएर गत मार्च १६ मा आफ्नो निवास विन्डसर क्यासल फर्किएका थिए। सन् १९५२ को फेब्रुअरीमा फिलिप र एलिजाबेथ केन्या भ्रमणमा रहेका बेला बेलायतका राजा जर्ज छैटौंको निधन भएपछि बेलायती महारानी बनेकी आफ्नी पत्नी एलिजाबेथलाई राजकुमार फिलिपको जीवनपर्यन्त दरिलो साथ थियो।

# ब्रिटेनको राजपरिवार



ड्यूक अफ एडिन्बरा राजकुमार फिलिपको गत शुक्रवार ९९ वर्षको उमेरमा निधन भएको छ। उनको ब्रिटेनको महारानी एलिजाबेथ द्वितीयासँग ७३ वर्षअघि विवाह भएको थियो। ब्रिटेनको आधुनिक इतिहासमा राष्ट्रप्रमुखसँग विवाह गर्ने व्यक्तिमध्ये राजकुमार फिलिप अहिलेसम्म सबैभन्दा लामो वैवाहिक सम्बन्ध भएका व्यक्ति हुन्। उनको निधनसँगै त्यहाँको राजपरिवारको बारेमा अझै चर्चा चुलिएको छ।

सन् १९५२ मा आफ्ना पिता राजा जोर्ज छैटौंको निधन भएपछि युकेमा महारानी एलिजाबेथ द्वितीया राष्ट्रप्रमुख छिन्। ब्रिटिश राजपरिवारमा सबैभन्दा लामो समय ५९ वर्षदेखि महारानी एलिजाबेथ राजगद्दीमा छिन्। उनी कमनवेल्थकी प्रमुख पनि हुन्। कमनवेल्थ ५४ वटा स्वतन्त्र देशहरूको स्वयंसेवी संस्था हो। ती सबैजसो देशहरू कुनै बेला ब्रिटिस शासनअन्तर्गत थिए।

चौरानब्बे वर्षीया महारानी र उनका पति राजकुमार फिलिपका चार सन्तान, आठ नातिनातिना र नौ पनातिपनातिना छन्। राजकुमारी एलिजाबेथले सन् १९४७ मा राजकुमार फिलिपसँग विवाह गरेकी थिइन्। यति बेला यो परिवारका सदस्य र गतिविधिका बारेमा जान्न विश्व अझै उत्सुक भएको छ। उनीहरूका दैनिकी पढन विश्व लालयीत भएको छ। हरेक दिन विश्वका चर्चित सञ्चारमाध्यममा मुख्य समाचार बन्दै आएको छ बेलायती राजपरिवार।

राजपरिवारका अन्य सदस्यमा प्रिन्स अफ वेल्स राजकुमार चार्ल्स ७२ वर्षका भए। उनको विवाह डचिस अफ कोर्न्वल (कमिल) सँग भएको हो। उनी महारानीका जेठा सन्तान हुन् र राजगद्दीका उत्तराधिकारी हुन्। ड्यूक अफ केम्ब्रिज राजकुमार विलियम अर्का सदस्य हुन्। उनको विवाह डचिस अफ केम्ब्रिज (क्याथरिन) सँग भएको थियो। विलियम प्रिन्स अफ वेल्स र प्रिन्सेस अफ वेल्स डायनाका जेठा छोरा हुन्।

यस्तै ड्यूक अफ ससिक्स राजकुमार ह्यारी विलियमका भाइ हुन्। उनको विवाह डचिस अफ ससिक्स (मेगन) सँग भएको हो। गत वर्ष उनीहरूले आफूहरू वरिष्ठ शाही सदस्य नरहने बताएका थिए र अहिले उनीहरू लस एन्जलीसमा बस्दै आएका छन्। राजपरिवारका सदस्यसँग विवाह गर्ने जो कोही उक्त परिवारको सदस्य हुन्छ। उनीहरूलाई विवाहपछि रोयल अर्थात् शाही उपाधि दिइन्छ। उदाहरणका लागि, सन् १९८१ मा राजकुमार चार्ल्ससँग विवाह गरेपछि लेडी डायना स्पेन्सर प्रिन्सेस अफ वेल्स बनेकी थिइन्। यद्यपि राजा वा रानी बन्न राजपरिवारमै जन्मिएको हुनुपर्छ। राजगद्दीको उत्तराधिकारीको पहिलो वरीयतामा राजकुमार चार्ल्स छन्। उनका जेठा छोरा राजकुमार विलियम दोस्रोमा अनि विलियमका जेठा छोरा राजकुमार जोर्ज तेस्रो वरीयतामा छन्।

राजपरिवारभित्र हुने विवाह प्रायशः पुरानो र एकदमै भव्य ठाउँमा हुन्छ। अनि वैवाहिक समारोहले पनि धेरैको ध्यानाकृष्ट गर्छ। महारानी र राजकुमार फिलिपको विवाह सन् १९४७ मा वेस्टमिन्स्टर अबीमा भयो जुन सन् ९६० मा स्थापना भएको थियो। वेस्टमिन्स्टर अबी संसद् भवनसँग जोडिएको छ। ६ दशकभन्दा बढी समयपछि सन् २०११ मा ठूलो भिड अबीबाहिरको सडकमा भेला भयो। त्यतिबेला महारानीका नाति विलियमको क्याथरिन मिडल्टनसँगको विवाह हेर्न मानिसहरू भेला भएका थिए।

उनीहरू ड्यूक एन्ड डचिस अफ केम्ब्रिज बने। राजपरिवारका अन्य सदस्यको विवाह विन्ड्सर कासलस्थित सेन्ट जोर्ज च्यापलमा भएको थियो जुन नौ सय वर्षभन्दा पुरानो हो। राजकुमार ह्यारी र मेगन मार्कलको सन् २०१८ मा पनि यही ठाउँमा विवाह भएको थियो। राजपरिवारका धेरैजसो वरिष्ठ सदस्यहरू लन्डनस्थित सेन्ट मेरिज हस्पिटलमा जन्मिएका हुन्। प्रिन्सेस डायनाले राजकुमार विलियम र राजकुमार ह्यारीलाई त्यही जन्माएकी थिइन्।

डचिस अफ केम्ब्रिज क्याथरिनले पनि आफ्ना तीन सन्तान राजकुमार जोर्ज, राजकुमारी शार्लट र राजकुमार लुईलाई त्यहीं जन्माएकी हुन्। डायना र क्याथरिन दुवैले अस्पतालबाहिर आफ्ना पति र सन्तानहरूसँग फोटो खिचाएका थिए। राजपरिवारले के गर्छ ? अहिले ब्रिटिस सरकारलाई 'हर म्याजिस्टीज् गभर्न्मन्ट' भनिन्छ। तर महारानीसँग लगभग कुनै पनि राजनीतिक शक्ति हुँदैन। सरकारमा आफ्नो उपस्थिति स्मरण गराउन महारानीले सातामा एकचोटि प्रधानमन्त्रीलाई भेट्छिन्, तर नीतिहरूको स्वीकृतिका लागि प्रधानमन्त्रीले महारानीको सहमति खोज्दैनन्।

महारानी र राजपरिवारका अन्य वरिष्ठ सदस्यले औपचारिक भेटघाटहरू आयोजना गर्छन्। परिवारका सदस्यहरूले अन्य देशमा महारानीको प्रतिनिधित्व पनि गर्छन्। उदाहरणका लागि, गत वर्ष मार्चमा ड्यूक एन्ड डचिस अफ केम्ब्रिजले रिपब्लिक अफ आयरल्यान्डको औपचारिक भ्रमण गरेका थिए। ड्यूक एन्ड डचिस अफ केम्ब्रिजले रिपब्लिक अफ आयरल्यान्डको भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति माइकल डी हिगन्सलाई उनकै निवासमा भेटेका थिए।

विभिन्न कल्याणकारी कामका लागि धेरैजसो राजपरिवारका सदस्यहरू संरक्षक छन्। अनि केहीले आफैं खोलेका छन्। जस्तै, युवाहरूका लागि 'ड्यूक अफ एन्डिबराज् अवार्ड' खोलिएको छ। उनीहरूको सुरक्षाबलसँग निकट सम्बन्ध छ। राजकुमार विलियम वायुसेनामा र ह्यारी स्थलसेनामा थिए। राजपरिवारका सदस्यले सधैंभरि औपचारिक कर्तव्य निर्वाह गर्नु पर्दैन। गत वर्ष राजकुमार ह्यारी र मेगनले आर्थिक रूपमा आत्मनिर्भर हुन राजपरिवारको वरिष्ठ सदस्य नरहने घोषणा गरेका थिए। ड्यूक एन्ड डचिस अफ ससिक्स अहिले आफ्नो छोरासँग अमेरिकामा बस्छन्।

ड्यूक अफ योर्क राजकुमार एन्ड्रूले सन् २०१९ मा आफ्नो राजकीय भूमिका परित्याग गरेका थिए। यौन अपराधी जेफरी एप्स्टीनसँग आफ्नो मित्रताबारे बीबीसीसँग अन्तर्वार्ता दिएपछि एन्ड्रू राजकीय जिम्मेदारीबाट बाहिरिएका थिए। राजपरिवार कहाँबाट पाउँछ खर्च ? प्रत्येक वर्ष युके सरकारले 'सभ्रिन ग्रान्ट' भनेर महारानीलाई एकमुष्ट भुक्तानी दिन्छ। यो रकम दुई वर्षअघि राजस्वबाट उठेको क्राउन इस्टेटको २५ प्रतिशतमा आधारित हुन्छ। क्राउन इस्टेट एउटा स्वतन्त्र व्यापारिक सम्पत्ति हो।

सन् २०२०-२१ का लागि सभ्रिन ग्रान्ट झन्डै नौ करोड पाउन्ड रहेको छ। उक्त ग्रान्टले राजपरिवारका सदस्यहरू बस्ने ठाउँहरूको व्यवस्थापन र विभिन्न औपचारिक गतिविधिमा सघाउँछ। राजकुमार चार्ल्सले व्यापारिक संस्था डची अफ कोर्न्वलबाट आम्दानी गर्छन्। सम्पत्ति र आर्थिक लगानीसम्बन्धी काम गर्ने उक्त बृहत् संस्थाले गत वर्ष २ करोड २३ लाख पाउन्ड जम्मा गरेको थियो। राजपरिवारका सदस्यहरूको आभासः महारानीको लन्डनको औपचारिक निवास बकिंघम दरबार हो।

प्रायः उनी सप्ताहान्त र ईस्टरका बेला एक महिना बार्कशरस्थित विन्ड्सर कासलमा बस्छिन्। यद्यपि कोरोना भाइरसको महामारीका बेला उनले पूरै समय विन्ड्सर कासलमै व्यतीत गरिन्। राजकुमार फिलिपको निधन पनि त्यहीं भएको हो। राजकुमार चार्ल्स र डचिस अफ कोर्न्वल लन्डनमा भएका बेला क्लेरन्स हाउसमा बस्छन् जुन बकिंघम प्यालेसबाट आधा माइलजति पर छ। राजकुमार विलियम र डचिस अफ केम्ब्रिज क्याथरिन पनि नजिकै रहेको केन्सिङ्टन प्यालेसमा बस्छन्।

- बिबिसी

प्रेरक

## एक रूपैयाँ



ईश्वरचन्द्र विद्यासागर कलकत्ताको ठूलो बजारको बाटो हुँदै कतै जाँदै थिए। बाटामा उनले १४-१५ वर्षको एउटा केटालाई भेटे। नांगा खुट्टा, फाटेका लुगा र निन्याउरो अनुहार उसको हालत बताउन पर्याप्त थियो। उसले विद्यासागरसँग गिड्गिडाउँदै भन्यो, 'कृपया, मलाई एक आना दिनुस्, म दुई दिनदेखि भोको छु।'

ईश्वरचन्द्रले त्यस केटालाई भने, 'ठीक छ, म आज तिमीलाई एक आना दिन्छु, तर तिमी भोलि के गर्छौ ?' 'भोलि म अरू कसैसँग माग्नेछु,' त्यो केटाले जवाफ दियो। 'यदि मैले तिमीलाई चार आना दिएँ भने तिमी के गर्छौ ?' ईश्वरचन्द्र विद्यासागरले उसलाई फेरि सोधे। 'त्यसबाट एक आनाको खाना खान्छु र बाँकी रहेको तीन आनाको सुन्तला ल्याएर यही सडकमा बसेर बेच्नेछु,' त्यस केटाले भन्यो। 'यदि मैले एक रुपैयाँ दिएँ भने नि ?' 'यदि तपाईंले एक रुपैयाँ दिनुभयो भने म व्यवस्थित रूपले काम गर्नेछु,' त्यो केटाले खुसी हुँदै भन्यो।

विद्यासागरले उसलाई एक रुपैयाँ दिए। त्यो केटाले त्यो पैसाको सामान ल्याएर बेच्न थाल्यो। धेरै दिनपछि एक दिन ऊ आफ्नो पसलमा बसिरहेको थियो। तब उसको दृष्टि विद्यासागरमा पुग्यो। उसले विद्यासागरलाई आफ्नो पसलमा लिएर आयो र हात जोडेर भन्यो, 'तपाईंले ममाथि जुन उपकार गर्नुभएको थियो, त्यो म कहिल्यै बिर्सन सक्दिनँ। यो लिनुस् तपाईंले दिएको एक रुपैयाँ।' विद्यासागरले मुस्कुराउँदै भने, 'यसमा मेरो आभार मान्नुपर्ने आवश्यकता छैन। एक देशवासी हुनुको नाताले यो मेरो कर्तव्य थियो। तिमी आफ्नै मिहिनेतले मेरो त्यो एक रुपैयाँ फिर्ता गर्न समर्थ भयौ। अब यो रुपैयाँ तिमी अरू कुनै योग्य र आवश्यकता परेको मानिसलाई देऊ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफन्तको सान्निध्य र अभिभावकको स्नेह प्राप्त हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। प्रयत्न गरेको काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ काम गर्ने अवसर पनि प्राप्त हुनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ। व्यापारले फाइदा दिनेछ। तत्काल धेरै गर्न नसकिए पनि पछिका लागि जग बसाउने समय छ।

### वृष

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला। अधिक खर्च हुनेछ र व्यवहार चलाउन पनि कर्जामार्फत धन जुटाउनुपर्ने हुन सक्छ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। आवश्यकताका वस्तु जुटाउन पनि समय लाग्नेछ। आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। स्वास्थ्यमा सुधार आउनेछ।

### मिथुन

पहिलेको आम्दानी प्राप्त भए पनि लाभांश अरूलाई समेत बाँड्नुपर्ला। खर्चिलो काम गर्नुपर्ने देखिएकाले कर्जामार्फत धन जुटाउनुपर्ने हुन सक्छ। तत्काल फाइदा लिँदा पछिको लाभांश गुमाउनुपर्ला। सरसापटमा केही धन बाहिरिने देखिन्छ। श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ। प्रयत्न गर्दा पछिलाई फाइदा सञ्चय गर्न सकिनेछ।

### कर्कट

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा फाइदा हुनेछ। भौतिक साधनहरू संग्रह हुनेछन्। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ। भविष्यका लागि रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

### सिंह

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन्। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। जीवनशैली व्यस्त रहनेछ र उपलब्धिविहीन काममा समय बित्न सक्छ। तापनि, गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। प्रयत्न गर्दा सम्भावना खोजी गर्ने समय छ।

### कन्या

स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ। व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। सामान्य काममा धेरै धन र परिश्रम खर्चनुपर्ला। आफ्नो वस्तुमा अरूले दाबी गर्लान्। बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ। बलजफ्ती प्रयत्न गर्दा व्यर्थैमा दुःख पाइनेछ।

### तुला

छोटो समयमा फाइदा उठाउन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ। अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ। भौतिक साधन जुट्नाले आम्दानी बढाउने काम गर्न सकिनेछ।

### वृश्चिक

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। आर्थिक लाभ हुने काम पनि सम्पादन हुनेछ। प्रतिकूल परिस्थितिका बाबजुद लक्ष्य प्राप्त हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ। प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने उपलब्धि जोगाउन सफल भइनेछ। आफन्त तथा मित्रजनहरुसँग बोल्दा बुद्धि पुऱ्याएर बोल्नुपर्नेछ। नत्र शत्रुता बढ्न सक्छ।

### धनु

परिस्थितिवश चिताएको काममा विलम्ब हुनेछ। हडबडको त्रुटिले काम दोहोर्याउनुपर्ने हुन सक्छ। अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुपर्ला। अध्ययनमा समय दिन नसक्दा पछि परिएला। लगनशीलताले मात्र परिस्थितिलाई बदल्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला।

### मकर

फाइदा मात्र हेर्दा आलोचित भइनेछ। पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ। परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ। पारिवारिक मतभेदले व्यवधान निम्त्याउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला। बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला।

### कुम्भ

विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ। परिश्रम परे पनि समय फलदायी रहनेछ।

### मीन

आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ। आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। ईर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा फाइदा दिलाउनेछ।

# समाचार संक्षेप

## करेन्ट लागेर मृत्यु

सर्लाही। कौडेना गाउँपालिका-३ ईनर्वा बस्ने २५ वर्षीय बिरेन्द्र ठाकुरको करेन्ट लागेर मंगलबार बिहान मृत्यु भएको छ। सोही नगरपालिका-७ स्थित रहेको बैद्यनाथ पंडितको फर्निचर उद्योगमा काम गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको शुभम् अस्पताल कौडैनामा उपचारको क्रममा मृत्यु भएको हो।

## ट्याक्टरबाट खसेर मृत्यु

गोरखा । सहिदलखन गाउँपालिका-९ सेप्राक नाम्जुङस्थित सडकमा ग.१ त ४५८२ नम्बरको ट्याक्टरबाट खसेर सोही ठाउँ बस्ने होमनाथ ढकालको १३ वर्षीय छोरा दिवश ढकालको मंगलबार बिहान घटनास्थलमै मृत्यु भएको छ। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## सवारी दुर्घटनामा ७ जनाको मृत्यु

काठमाडौं। दोलखा, बिगु गाउँपालिका-४ लादुकस्थित सडकमा प्र.३-०१-०२३ च ७५८० नम्बरको गाडी आँफै अनियन्त्रित भई सडकबाट करिब १ सय मिटर तल खसेर सोमबार राति दुर्घटना हुँदा गाडीमा सवार ४ जनाको मृत्यु भएको छ। दुर्घटनामा ३ जनाको घटनास्थलमै मृत्यु भएको हो भने १ जनाको रोल्वालीङ सामुदायिक अस्पताल सिंगटीमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका चालक समेत १८ जनालाई उपचारका लागि दोलखाका विभिन्न अस्पताल र काठमाडौंतर्फ पठाइएको छ।

कपिलवस्तु, बुद्धभुमी नगरपालिका-१ स्थित सडकमा लु.१ ज ४२२४ नम्बरको ट्याक्सीको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ७७ वर्षीया जगि सुनारको सोमबार दिउँसो मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको चौराह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सिरहा, लहान नगरपालिका-१९ छरापट्टि चोकस्थित सडकमा स.१ त ६२७९ नम्बरको ट्याक्टरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने अजय यादबको ४ वर्षीय छोरा आशिक कुमार यादबको सोमबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको स्मारक अस्पताल लहानमा सामान्य उपचार पश्चात थप उपचारको लागि बिराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चितवन, कालिका नगरपालिका-७ बेलचौरस्थित सडकमा ना.६३ प ६३९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक कालिका नगरपालिका-६ बस्ने २८ वर्षीय सबिन दुलालको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

## करेन्ट लागेर मृत्यु

काठमाडौं । उदयपुर, कटारी नगरपालिका-४ सिम्ले बस्ने ३९ वर्षीया मन कुमारी मगर (दनुवार)को करेन्ट लागेर सोमबार साँझ मृत्यु भएको छ। आफ्नै घरमा मोवाईल चार्ज गर्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएकी उनको शान्ति हेल्थकेयर मिर्चैया सिरहामा उपचारको क्रममा मृत्यु भएको हो।

रुपन्देही, बुटवल उपमहानगरपालिका-१० स्थित ग्लोबल पाईप उद्योगमा काम गर्ने मोरङ उर्लाबारी नगरपालिका-३ बस्ने ४२ वर्षीय नारायण ढकालको करेन्ट लागेर सोमबार साँझ मृत्यु भएको छ। उक्त उद्योगमा काम गर्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । लमजुङ, राईनास नगरपालिका-१ भँगेरीस्थित सडकमा ना.१ त ९५५३ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब २ सय मिटर तल खोलामा खसेर आइतबार राति दुर्घटना हुँदा ट्याक्टर चालक सोही नगरपालिका-१ भँगेरी बस्ने २६ वर्षीय बुध मान गुरुङको घट्नास्थलमै मृत्यु भएको छ।

सिन्धुपाल्चोक, चौतारा साँगाचोकगढी नगरपालिका-९ सुकुटेस्थित सडकमा बा.३ ख ९६५८ नम्बरको बसले बा.५९ प ६९८६ नम्बरको मोटरसाइकललाई सोमबार बिहान ठक्कर दिँदा मोटरसाइकल चालक त्रिपुरासुन्दरी गाउँपालिका-५ बस्ने ३२ वर्षीय नारायण श्रेष्ठको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागी सिन्धु सदावर अस्पताल खाडीचौरतर्फ लैजाँने क्रममा बाटोमै मृत्यु भएको हो।

दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही गाउँपालिका-४ बस्ने ४० वर्षीय सोम बहादुर श्रेष्ठलाई सोही अस्पताला हुँदै थप उपचारका लागि नर्भिक अस्पताल रिफर गरिएको तथा ७ वर्षीय अनुच श्रेष्ठको सिन्धु सदावर अस्पताल खाडीचौरमा उपचार भइरहेको छ। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## करेन्ट लागेर मृत्यु

मकवानपुर। हेटौंडा उपमहानगरपालिका-९ सान्तीचोक बस्ने ३५ वर्षीय समिर पाखीङ र उनको श्रीमती ३० वर्षीया अन्सु पाखीङको सोमबार बिहान करेन्ट लागेर मृत्यु भएको छ।

घरमा मिटर बक्समा जोडिएको विजुलीको तारलाई फलामको डण्डीले उठाउने क्रममा करेन्ट लागेर अशक्त भएका उनीहरूलाई उपचारको लागि हेटौंडा अस्पताल लैजाँने क्रममा बाटोमै मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं । भोजपुर, अरूण गाउँपालिका-५ रानीचोक बस्ने ५३ वर्षीया देवी माया भुजेल सोमबार मृत अवस्थामा फेला परेकी छिन्। आइतबार सोही गाउँपालिका-६ मगरछापस्थित आफ्नै छोरी विमला भुजेलको घरमा गएकी उनी सुतिरहेको अवस्थामा मृत फेला परेकी हुन्। सुनसरी, बराहक्षेत्र नगरपालिका-४ पिडारीस्थित चौरीमा रामधुनि नगरपालिका-३ पिप्राही बस्ने ६५ वर्षीय मकैया ऋषिदेव सोमबार मृत अवस्थामा फेला परेका छन्। दाङ, घोराही उपमहानगरपालिका-११ सिपुर बस्ने ३६ वर्षीय बसन्त बहादुर खत्री घरबाट करिब ३ सय मिटर टाढा खाल्डोमा सोमबार मृत अवस्थामा फेला परेका छन्।

सिरहा, लक्ष्मिपुरपतारी गाउँपालिका-२ पखरभिन्डा स्थित कटनिया खोलामा सोही ठाउँ बस्ने १६ वर्षीय गजेन्द्र कुमार यादव आइतबार मृत अवस्थामा फेला परेका छन्।

## खोलामा डुबेर मृत्यु

काठमाडौं । गुल्मी, मदाने गाउँपालिका-३ सिर्सेनेस्थित पनाहा खोलामा नुहाउने क्रममा डुबेर २ जनाको मंगलबार दिउँसो मृत्यु भएको छ। मृत्यु हुनेहरूमा मदाने गाउँपालिका-१ अग्लुङ बस्ने सन्जिब बिकको छोरा ५ वर्षीय सुमन बिक र प्युठान गौमुखी गाउँपालिका-५ बस्ने आमा बिष्णु बिकको छोरा ८ वर्षीय गोबिन्द बिक रहेका छन्। उक्त खोलामा डुबेर अशक्त भएका उनीहरूको प्राथमिक स्वास्थ्य केन्द्र पुर्कोटदहमा उपचारको क्रममा मृत्यु भएको हो।

सुनसरी, ईटहरी उपमहानगरपालिका-१४ नर्भासास्थित नहरमा पौडी खेल्ने क्रममा डुबेर सोही उपमहानगरपालिका-७ बस्ने १७ वर्षीय सायल चौधरी र १४ वर्षीय आयुष भुर्तेलको मंगलबार साँझ मृत्यु भएको छ। डुबेर अशक्त भएका उनीहरूको धरान घोपा अस्पतामा उपचारको क्रममा मृत्यु भएको हो।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Frivolous = हल्का पाराको, गम्भिरता नभएको He is already 32 years old but still quite frivolous (३२ वर्षको उमेर भइसक्दा पनि उसमा गम्भिरताको अभाव छ)

Grievance = समस्या When management did not pay attention to her grievances, she took it to the employee union (व्यवस्थापनले उनको समस्याप्रति चासो नदेखाएको हुँदा उनी आफ्नो समस्या लिएर कर्मचारी संगठनमा पुगिन्)

Homespun = घरमा बनेको, घरबुना Homespun clothes are normally coarse (घरमा बनाइएका कपडाहरू सामान्यतया खस्रा हुन्छन्)

Inherent = स्वभावैले स्थायी, अपरिवर्तनीय, निहित The power inherent in the office of the President can not be exercised by other (राष्ट्रपतिको कार्यालयमा निहित अधिकार अरु कसैले प्रयोग गर्न सक्तैन)

Longevity = आयु He is already above 100 and is still very proud of his longevity (ऊ १०० वर्ष पुगिसक्यो र अझै ऊ आफ्नो आयुप्रति घमण्ड गर्दछ)

Multifarious = दुई नमिल्ने कुरा Being a housewife and a working lady at the same time is a multifarious duty (एकै साथ घरधन्दा गर्ने महिला हुनु र कामकाजी महिला हुनु दुई नमिल्ने कुरा हुन्)

Nettle = क्रोधित बनाउनु, He never nettles anyone by his remarks (ऊ आफ्ना कुरा गराईले कहिले पनि अरूलाई क्रोधित बनाउँदैन)

Oscillate = तरलरुपमा बाहिर आउनु Now the public opinion has oscillated for and against of constituent assembly (अहिले जनमत संविधानसभाको पक्ष र विपक्ष तरलित हुँदै बाहिर आएको छ)

Probity = नैतिक, भ्रष्ट हुन नसक्ने प्रवृत्ति Probity should be taken for granted if we think of a society free of corruption (भ्रष्टाचारहित समाजको सृजना गर्ने हो भने नैतिकतालाई महत्व र मान्यता दिनुपर्दछ)

Quadruped= चारखुट्टे Most of the animals are quadrupeds (धेरैजसो जनावरहरू चारखुट्टे हुन्छन)

# Show बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Show somebody up = कसैलाइ लाजै मर्नु वनाउनु He showed me up by falling asleep at the concert संगित कार्यक्रमभर उमेर (निदाएर) उस्ले मलाई लाजै मर्नु वनाइदियो।

Show somebody up to be = कसैलाइ प्रस्तुत गर्नु His diary shows im up as a greedy man उस्को डायरी पढदा उस्ले आफुलाई लोभी मानिसको रुपमा प्रस्तुत गरेको देखिन्छ ।

For show = प्रदर्शनको लागि These books are for show not for sale यी पुस्तकहरु प्रदर्शनको लागि मात्रै हो विक्रि गर्नको लागि होइन।

Show business = प्रदर्शन ब्यवशाय People working in show business like cinema and theatre are very much glamourous सिनेमा, नाटक जस्ता प्रदर्शन ब्यवशायमा लाग्नेहरु रंगीन हुन्छन।

Show case = प्रदर्शनस्थल Domotex is a show case of handmade carpets from all over the world विश्वका हस्त निर्मित गलैचाको प्रदर्शनस्थल भनेको डोमोटेक्स मेला हो।

Show down = प्रतिष्पर्धात्मक प्रस्तुती This year Brazil and Germany will meet for a final show down यो वर्ष जर्मनी र ब्राजिल अन्तिम प्रतिष्पर्धात्मक प्रस्तुतीको लागि भिडदैछन्।

Show girl = गायीका वा नर्तकी As a show girl she has earned a lot गायीका न नर्तकी भएर तिन्ले राम्रै पैशा कमाएकि छिन को ।

Show jumping = घोडचडि खेल Ghodejatra is not only a horse race competition but also a show jumping घोडेजात्रा घोडदौडको प्रदर्शनमात्रै नभै घोडचडि खेलको प्रस्तुति पनि हो ।

Show man = कार्यक्रम प्रस्तोता He is a popular show man in television उ टेलिभिजनको लोकप्रिय कार्यक्रम प्रस्तोता हो।

Show piece = आर्कषक उदाहरणीय वस्तु नमुना This garment is a show piece to collect order (यो पोशाक माग संकलनको लागि वनाइएको नमुना मात्रै हो )

Show room = प्रदर्शन कक्ष This is only a showroom of electrical vehicle in Pokhara (यो पोखरामा भएको विद्युतिय गाडीको एक मात्र प्रदर्शन कक्ष हो)

## सुडोकु-अंक २२२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | १ | | ७ | ८ | |
| | | ६ | ३ | | | १ | | |
| | ८ | | | ६ | ७ | | | |
| | | | | | ९ | | ७ | ५ |
| | ४ | ९ | | | | ३ | २ | |
| ५ | ६ | | १ | | | | | |
| | | | ४ | ८ | | | ९ | |
| | | ८ | | | ६ | २ | | |
| | ५ | ३ | | ९ | | | | ८ |

## अंक २२१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ८ | २ | ३ | ५ | ४ | ७ | ६ |
| २ | ७ | ३ | ४ | ९ | ६ | ५ | १ | ८ |
| ५ | ४ | ६ | ८ | ७ | १ | ९ | ३ | २ |
| ४ | ६ | ७ | ५ | २ | ३ | ८ | ९ | १ |
| १ | २ | ९ | ७ | ६ | ८ | ३ | ४ | ५ |
| ८ | ३ | ५ | ९ | १ | ४ | ६ | २ | ७ |
| ६ | ९ | २ | ३ | ५ | ७ | १ | ८ | ४ |
| ३ | ५ | ४ | १ | ८ | २ | ७ | ६ | ९ |
| ७ | ८ | १ | ६ | ४ | ९ | २ | ५ | ३ |

# What is China's five-year plan?



By Ma Chi

The Fifth Plenary Session of the 19th CPC Central Committee, which is scheduled from Oct 26 to 29, will deliberate the country's 14th Five-Year Plan (2021-25).

So what is the five-year plan? What does it mean for ordinary Chinese people? And what the country's past plans can tell us? We have a look at some of the major changes China has experienced since the first plan was drafted.

A worker at a steel plant in Dalian, Liaoning province. [Photo by Liu Debin/For China Daily]

The five-year plan is China's policy blueprint for medium-term social and economic development.

The drafting of the FYP started in 1953, four years after the founding of the People's Republic of China.

Apart from a period of economic adjustment from 1963 to 1965, China has implemented 13 five-year plans. Economic development has been the priority of each of the plans.

For example, in 1953, the central government launched its first Five-Year Plan (1953-1957), which aimed at turning the country from an agricultural economy into an industrial country based on the development of heavy industry.

To achieve the goal of becoming a strong industrial power, the FYPs up to 1980 continued to focus on developing agriculture to ensure food supply and also expanding industry to build an independent and complete industrial system.

From the 6th Five-Year Plan (1981-85) onward, the blueprints have been drawn up in line with the reform and opening-up drive and the shift from a planned economy to a market-oriented economy.

In terms of contribution to GDP, the secondary industry maintained a major share with a growing tertiary sector and a dwindling primary sector.

As the economy grew rapidly, the importance of economic growth speed gave way to the quality of development, and greater emphasis has been placed in recent years on improving balanced social and economic development.

For instance, the 10th Five-Year Plan (2001-05) aimed to build a relatively complete social security system.


The 11th Five-Year Plan (2006-10) proposed upgrading the industrial structure and optimizing resource allocation. The 12th plan (2011-15) put forward to increase investment in education, science and technology, and set goals for environmental protection.


The 13th Five-Year Plan put forward more comprehensive and balanced development goals.


These emphasized sustainable development through industrial upgrading, boosting consumption, increasing urbanization rate, eliminating poverty, and improving environmental protection.


The goal of "building a beautiful China" was written in the 13th plan for the first time. Of the 13 binding targets, 10 relate to the environment and natural resources.


As the 14th plan is being developed, we expect to see a more prosperous and greener China in the upcoming years.








## नयाँ धरहरा...

व्यवस्थापनको दीर्घकालीन कार्यअन्तर्गत प्राचीन बस्ती, विश्व सम्पदा क्षेत्रसहित समग्र शहरी क्षेत्र खासगरी काठमाडौँ उपत्यकाको पुनःनिर्माण तथा पुनःस्थापनाको कामलाई समेत ध्यानमा राखी शहरी क्षेत्रको दीर्घकालीन पुनःनिर्माण कार्यक्रमको प्रस्ताव तयार पारी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत अघि बढाउने निर्णय पनि गरेको छ ।

## फेरि एमसीसी...

कठिनाइ र असमझदारीलाई शान्तिपूर्ण तवरले हल गर्ने अवधारणा अघि सारिएको छ । ६४ पेज लामो इन्डोप्यासिफिक रणनीतिमा जुन व्याख्या उपलब्ध छ, त्यो अर्धराजनीतिक रुपमा छिमेकी चीनको सम्बन्ध विस्तारको तेजलाई रोक्ने अर्थमा छ भन्ने त्यसमा उल्लेख गरिएका तीनवटा अध्यायमा पर्याप्त मात्रामा उल्लेख गरिएको छ ।

सन् २०१३ मा चीनद्वारा सुरु गरिएको युरोप, एसिया र अफ्रिकाका अधिकांश राष्ट्र संलग्न रहेको नयाँ सिल्क रोडको अवधारणा कार्यान्वयन हुँदा चीनको साख बढ्ने र आफ्नो साख घट्ने भन्ने चिन्ताले नै इन्डो प्यासिफिक रणनीति तयार गरिएको हो भन्ने कुरा अमेरिकी डिपार्टमेन्ट अफ डिफेन्स इन्डोप्यासिफिक रिपोर्ट १ जुन २०१९ को प्रतिवेदनमा प्रस्ट्याइएको छ । दक्षिण एसियाको शक्ति राष्ट्रको रुपमा रहेको भारत जो बीआरआईमा संलग्न छैन । भारत आफैं भने डेढ दशकदेखि 'लुक इस्ट पोलेसी' अनुरुप दक्षिण एसियाली नवदित औद्योगिक मुलुकसँग सहकार्य गर्दै आइरहेको छ । शक्ति,क्षमता, क्षेत्रीय प्रतिस्पर्धा र आर्थिक वृद्धिको स्तर मापन गरेर भारतलाई नै दक्षिण एसियाली राष्ट्रमा मूल खम्बा बनाएर इन्डो प्यासिफिक रणनीति अख्तियार गर्न अमेरिका यतिबेला कम्मर कसेर लागेको देखिन्छ । एमसीसी त्यही रणनीतिलाई सफल पार्न अघि सारिएको आर्थिक सहयोगको एक पाटो हो ।

एमसीसी सैन्य स्वार्थ नभएको आर्थिक प्याकेज होइन । अमेरिकी प्रशासनले पनि एमसीसीबारे कुरा लुकाएको छैन । १३-१५ मे २०१९ सम्म नेपाल भ्रमणमा आएका दक्षिण एसियाका लागि अमेरिकी एक्टिङ डेपुटी असिस्टेन्ट सेक्रेटरी डेभिड जे. रान्चले उतिबेलै मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट प्रोग्राम अमेरिकाको इन्डोप्यासिफिक स्ट्राटेजीको भाग रहेको बताएका थिए । पछि अमेरिकी दुताबासले पनि पुनः त्यही कुरा स्पष्ट गरिसकेको छ । अब एमसीसी अमेरिकी हिन्द प्रशान्त रणनीतिसँग सम्बन्धित छैन भनेर कसैले भ्रम छर्ने जमर्को नगरे हुन्छ ।

पहिले एसिया भनेर चिनिने यस क्षेत्रको नाम अमेरिकाले अकारण हिन्द प्रशान्त क्षेत्र राखेको होइन । यसमा भारतलाई फकाएर चीन विरोधी मोर्चामा उभ्याउने सोचले काम गरेको छ । विश्व अर्थराजनीतिमा चीनको उदय भएसँगै एसियन अर्थराजनीतिमा अमेरिकी प्रभुत्व कायम राख्नका लागि लिइएको अमेरिकी वैदेशिक नीति हो इन्डो प्यासिफिक (आइपिएस) । २१ औं शताब्दीको प्रारम्भमै अमेरिका, जापान, अस्ट्रेलिया र भारत सम्मिलित गठबन्धन 'कवाड' बनाउने पहल नभएको होइन । तर सुरुमा अष्ट्रेलियाले हात झिकेको अहिले भारतको रणनीतिक स्वायत्तताको चाहले भाँजो हालेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सिंगापुरको सांग्रिला डायलगमा दिएको एक भाषणमा स्वतन्त्र र खुल हिन्द प्रशान्त क्षेत्रको प्रस्तावको स्थानमा स्वतन्त्र खुला र समावेशी हिन्द प्रशान्तको कुरा गरेका छन् । उनले कवाड होस् वा हिन्द प्रशान्त रणनीति कुन पनि कसैविरुद्ध केन्द्रित हुनुहुन्न र यो यस भूगोलको अवस्थिति सबै राष्ट्रको साझा पहलकदमीमा बन्नुपर्छ समेत भने । चीन आफ्नो महत्वाकांक्षी परियोजना बीआरआई बोकेर मैदानमा उत्रिएको छ जसलाई लिएर भारत सशंकित छ । बीआरआई परियोजना औद्योगिकरण तथा पूर्वाधार विकासमा चिनियाँ नयाँ अभ्यासको साझेदारी लोकप्रिय बन्दै गयो, अमेरिकाले चीनको यही घोषणालाई चुनौती ठान्यो र अन्य मुलुकमा प्रभाव थप विस्तार गर्ने हेतुले युएसए एआईडीलाई निरन्तरता दिँदै एमसीसीलाई विस्तार गर्नतर्फ लागेको हो । अमेरिकाले सैन्य रणनीति भन्ने शब्द उल्लेख नगरीकनै एमसीसीको विस्तार गर्‍यो । त्यसैको निरन्तरता स्वरुप सन् २०११ मा नेपालमा यसको प्रक्रिया थालिएको थियो ।

शीतयुद्धपश्चात् एकल महाशक्तिको रुपमा स्थापित संयुक्त राज्य अमेरिकालाई एककाइसौं शताब्दीमा पनि एकल महाशक्तिको रुपमा उभिनलाई चीनले बाटो छेक्दैछ । विश्व बैंकजस्तो वित्तीय संस्थाले समेत सन् २०५० सम्ममा चीनको अर्थतन्त्र विश्वकै पहिलो अर्थतन्त्रका रुपमा स्थापित हुने प्रक्षेपण गरेको छ । वर्तमान आर्थिक र वित्तीय परिदृश्य कायम रहेको अमेरिकी वर्चश्व ओरालो लाग्ने र अमेरिकाको स्थान चीनले लिने ब्रिटेनस्थित इन्डिपेन्डेन्ट सस्थाले समेत अनुमान गरेको छ । अमेरिकाको तुलनामा प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन एकतिहाइ मात्र छ । कुल गार्हस्थ्य उत्पादनको तुलना गर्ने हो भने चीनले अमेरिकालाई उछिनेको छ । विश्वव्यापी कोरोना महामारीका कहरबीच पनि चिनियाँ अर्थतन्त्र उकालो लागेको अवस्था छ । फाइबजी जस्ता प्रविधिमा पनि चीनले अमेरिकालाई भेट्टाउने र उछिन्ने गरिरहेको छ । भावी दिनमा बोइङ र एयरबसजस्ता विमानसँग हुने प्रतिस्पर्धालाई परीक्षाका रुपमा हेरिँदैछ । जसले चिनियाँ क्षमतालाई उजागर गर्नेछ । यही कारण अमेरिका चीनविरुद्ध व्यापारयुद्ध गरिरहेको छ । अमेरिकाले शीतयुद्ध शैलीको नियन्त्रण गर्ने रणनीति बनाएर नेटो, जापान, अष्ट्रेलिया लगायत आफ्ना सुरक्षा साझेदारलाई चीनको नयाँ प्रविधियुक्त सामान नकिन्न र आधुनिक प्रविधि नबेच्न जोड गरिरहेको छ । अमेरिकी सत्तामा जो वाइडेनको उदयपछि पनि चीन हेर्ने अमेरिकी रणनीतिमा कुनै बदलाव आएको छैन । चीन र अमेरिकाबीचको निकटापूर्ण कूटनीतिक सम्बन्धमा 'आइस ब्रेक' हुन सकेको छैन ।

चीनको बीआरआई परियोजनामा नेपालसहित १४० मुलुक आबद्ध भइसकेका छन् । तर अमेरिका नेपाललाई बीआरआईबाट अलग्याउन खेजिरहेको छ । नेपाल सरकारले पनि आफ्नो कूटनीतिक गतिविधि अमेरिकी स्वार्थमै केन्द्रित गरिरहेको छ । सरकारले बीआरआई सम्झौतामा गरिएका परियोजनालाई भन्दा इन्डो प्यासिफिक स्ट्राटेजी अन्तर्गतको एमसीसी सम्झौतालाई सदनबाट पारित गराउन खोजिरहेको छ । नेपालले अख्तियार गरेको विदेश नीति असंलग्न हो । हिन्द प्रशान्त अमेरिकी रणनीतिमा नेपाल सहभागी हुनु असंलग्न सिद्धान्तको बर्खिलाफमा छ । एमसीसीलाई पारित गरिए नेपालमा अमेरिकी सैनिकहरू भित्रिने छन् । अमेरिका नेपालको भूगर्भमा रहेको युरेनियम ओसार्ने दाउमा छ । चीनलाई तिब्बत मामिलामा दखल दिनका लागि एमसीसी बोकेर अमेरिका नेपाल प्रवेश गर्दैछ ।

## कट्टेल...

पार्टीले नेकपाको नामसँग जुधाएर पार्टी दर्ता गरेको र पार्टीले त्यसलाई बदर गर्ने मागसहित सर्वोच्च अदालतमा २०७५ मंसिरमा मुद्दा दायर गरेको थियो । अदालतले २०७७ फागुन २३ गते पार्टीको दाबी सदर गरेर सरकारी पार्टीको नाम खारेज गरिदियो । यसले देशको राजनीतिमा ठूलो तरंग ल्याइदियो । सरकारी पार्टी फुट् यो । बहुमतको सरकार मिलिजुलि सरकार बन्न पुग्यो । यतिमात्र हैन नेकपाको नाममा संगठित हुनपुगेका विसर्जनवादीहरूलाई क्षतविक्षत नै बनाइदियो । सारतः यसले देशको राजनीतिक शक्तिहरूको शक्ति सन्तुलनमै उलटफेर गरिदियो । मुद्दाको केन्द्र भागमा रहेको हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टीको साख बृद्धि गरेको छ र पार्टी देश र विदेशमा समेत प्रचारित भएको छ । यो घटनाले कथित एकताको नाममा बलशाली बनेको विसर्जनवादलाई कमजोर बनाएको छ र क्रान्तिकारी कम्युनिष्टहरूमा उत्साह र एकताको भावको विकास गर्न मद्दत पुर्‍याएको छ । हाम्रो पक्षमा फैसला गर्ने सर्वोच्च अदालत,अधिवक्ता डा. डण्डपाणी पौडेल, अत्यन्त उच्च प्राथमिकतासाथ समाचार सम्प्रेषण गर्नुहुने आम संचार जगतलगायत हाम्रो पार्टीलाई बधाई तथा शुभकामना दिनुहुने सवै आदरणीय जनसमुदायलाई पार्टीको बैठकले धन्यवाद प्रदान गरेको छ ।

ग) भारतीय विस्तारवादले नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीसमेत अतिक्रमण गरी उसको नक्सामा समावेश गरेको छ । नेपाली जनताको ठूलो दवाबपछि नेपाल सरकारले पनि आफ्नो नक्सामा उक्त भूभाग समावेश गरेको छ । तर त्यसपछि सरकार ती भूभाग फिर्ता ल्याउने कुरामा चासो नराखी आफ्नो सत्ता जोगाइदिने याचना गर्दै भारतीय विस्तावादसामु लम्पसार परेको छ एकातिर भने अर्कोतिर आइपिएसको अङ्गको रूपमा आएको अमेरिकी परियोजना एमसीसी पास गर्न उद्दत बनेर लागिरहेको छ र नेपाललाई अमेरिकी साम्राज्यवादी क्याम्पमा धकेल्ने धृष्टता गरिरहेको छ । यी घटनाहरूले इण्डो अमेरिकी चलखेल र हस्तक्षेप बडेको मात्र छैन चीनीया चासो समेत बडाएको छ । संसदवादीहरूको लम्पसारवादी चरित्र र महाशक्तिहरूको सक्रियता र हस्तक्षेपले नेपालको स्वाधीनतामा गम्भीर आँच पुर्‍याएको मात्र छैन देश महाशक्तिहरूको रणनीतिक कृडास्थल बन्ने खतरातर्फ उन्मुख छ । यस्तो अवस्थामा देशको स्वाधीनताको रक्षाको प्रश्न अत्यन्त संगीन बनेको छ । बैठकले सबै देशभक्तहरूलाई देशको रक्षा गर्ने संघर्षमा एकजुट हुन आग्रह गरेको छ ।

घ) हालै सरकार र विप्लव नेतृत्वको कम्युनिष्ट पार्टीबीच तीनबुँदे सहमती भएको छ । बैठकले यसलाई स्वागत गरेको छ । र राष्ट्रियता, जनतन्त्र र जनजीविका जस्ता विषयहरूका निम्ति जनसंघर्षमा उत्रन रणनीतिक संयुक्त मोर्चा लगायत सबैमा बैठक आग्रह गर्दछ ।

ङ) नेपालको कम्युनिष्ट आन्दोलनमाथि अहिले विसर्जनवादले समेत आक्रमण तीव्र बनाएका छन् । तर कम्युनिष्ट क्रान्तिकारीहरू भने विभाजित अवस्थामा छन । आम जनसमुदायको यो आन्दोलनप्रतिको आस्था र सम्मानलाई समेत ध्यानमा राख्दै सवै क्रान्तिकारी कम्युनिष्टहरू एकतावद्ध हुनु अहिलको पहिलो आवस्यकता बनेको छ । क. पुष्पलालको विचार र नेतृत्वको झण्डामुनी गोलवन्द भएर नेपाली जनक्रान्तिको कार्यभार पूरा गर्न सवै क्रान्तिकारीहरूलाई नेपाल कम्युनिष्ट पार्टीको यो वैठक विशेष आग्रह गर्दछ ।

ङ) म्यानमारमा हालै निर्वाचित सरकारलाई अपदस्थ गरी सैनिक शासन लगाइएको छ । सैनिक शासनको विरोधमा उत्रेका जनसमुदायमाथि पासविक दमन गरिएको छ, बैठकले सैनिक सरकारको यस्तो दमनको घोर निन्दा र भर्त्सना गरेको छ । तत्काल नागरिक अधिकार वहाल गर्न आग्रह गरेको छ ।

च) हालै अमेरिकामा भएको निर्वाचनमा डेमोक्र्याटिक वाइडेनको विजयले चीनलगायत एसियाली देशहरूमा बढिरहेको अमेरिकी हस्तक्षेपको तनाव घट्ने अपेक्ष गरिएको भए पनि यसमा तात्विक फरक देखिँदैन । यसबाट अमेरिकी हस्पक्षेपकारी नीतिमा परिवर्तनको खासै संकेत देखिदैन ।

२) पार्टी सम्मेलन सम्बन्धमा

क) गत चैत्र २७ देखि ३० सम्म निर्धारण गरिएको पार्टीको राष्ट्रिय सम्मेलन कोभिटको कारणले स्थगन भएको थियो । यसरी स्थगित गरिएको पार्टीको सम्मेलन आगामी भाद्र ३० गतेदेखि गर्ने प्रस्ताव सम्मेलन आयोजक समितिको बैठकमा लैजाने ।

ख) राष्ट्रिय सम्मेलन तयारिका आवश्यक योजनाहरू तयार गर्न सम्मेलन आयोजक समितिको बैठक यही २०७८ बैशाख २२ देखि २४ रूपन्देहीमा गर्ने ।

ग) सबै जनवर्गीय संगठनहरूले आआफ्नो सम्मेलन भेला आदि श्रावण मसान्त सम्म गर्ने ।

घ) सबै जिल्ला समितिहरूले पार्टी सदस्यता अद्यावधिक, नवीकरण, सम्मेलन भेला श्रावण मसान्तसम्म गर्ने ।

ङ) पेटोलियम लगायत खाद्यबस्तुमा मुल्य वृद्धिको बिरोध गर्दै तत्काल मूल्य बृद्धि रोक्न बैठक जोडदार माग गर्दछ ।

च) सम्मेलन आयोजक समितिका सदस्य कमरेड जावेद शाहको निधनप्रति बैठकले गहिरो शोक प्रस्ताव पारित गरेको छ ।

छ) बर्षौंदेखि आफ्नो उत्पादन उखुको मूल्य नपाएर काठमाडौंमा आन्दोलन गरिरहेका सर्लाहीका उखु किसानको निधनप्रति बैठकले गहिरो शोक व्यक्त गरेको छ र सरकारको यस्ता प्रकारका गैरजिम्वेवारीपूर्ण कार्यको घोर भर्त्सना गरेको छ ।

## जसपाको...

सजाय भोगिरहेका रेशम चौधरीलाई राष्ट्रपतिमार्फत आम माफी दिलाउने प्रक्रिया पनि सरकारले सुरु गरेको छ । तर सरकारले चाहेकै भरमा संविधान संशोधन हुन सक्दैन । संसदको दुईतिहाई बहुमतले मात्र संविधान संशोधन हुने संवैधानिक प्रावधान छ । अदालतले दोषी करार गरेर सजाय सुनाएर जेलमा रहेका रेशम चौधरीलाई माफी दिने सरकारको तयारी पनि विवादास्पद छ । अपराधलाई राजनीतिकरण गर्ने सरकारको प्रयासको सर्वत्र विरोध भइरहेको छ । कैलाली घटनामा मारिएका सुरक्षाकर्मीहरूका परिवारले चौधरीलाई नछोड्ने सरकारलाई दबाब दिइरहेका छन् ।

यदि चौधरीलाई माफी दिइए आन्दोलन गर्ने चेतावनी पीडित परिवारले दिइसकेका छन् । टिकापुरमा हत्या गरिएका एसएसपी लक्ष्मण न्यौपानेसहित अन्य सुरक्षाकर्मीको परिवारले कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र विभिन्न एमाले नेताहरूलाई भेटेर ज्यान मुद्दाको सजाय भोगिरहेका चौधरीलाई माफी दिई जेलमुक्त गरे कानुनी राजकै उपहास हुने र त्यसो नगर्न सरकारलाई दबाब दिन आग्रह गरिरहेका छन् ।

जनता समाजवादी पार्टीभित्र पनि दुईवटा धार देखिएका छन् । महन्थ, महतोको पूर्व राष्ट्रिय जनता पार्टी र डा.बाबुराम भट्टराई, उपेन्द्र यादवको पूर्व संघीय समाजवादी पार्टी मिलेर बनेको जनता समाजवादी पार्टी अहिलेसम्म अनिर्णित अवस्थामा छ । ठाकुर, महतो ओलीले आफ्ना माग पूरा गरे उनीसँग सहकार्य गरेर अघि बढ्ने तयारीमा छन् । भट्टराई, यादवहरू भने ओलीलाई सत्ता बहिर्गमन गराउनैपर्ने अडानमा छन् । सरकार परिवर्तनमा चासो नदेखाएको आरोप झेलिरहेका कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नो नेतृत्वमा सरकार गठन गर्ने औपचारिक दलगत निर्णय गरेपछि सत्ता समीकरणको कसरत तीव्र बनिरहेको छ ।

देउवाले माओवादी केन्द्र र जसपासँग नयाँ सरकार निर्माणका विषयमा छलफल गरेका छन् । माओवादी केन्द्र कांग्रेस नेतृत्वको सरकारलाई समर्थन गर्न सहमत भएको छ । सत्ता समीकरणको तयारीले पूर्णता पाए सरकारलाई दिएको समर्थन फिर्ता लिन माओवादी तयार भएको छ । तर जसपाले भने देउवाको प्रस्तावलाई तमिलीमा राखिदिएको छ । पार्टीमा छलफल गरेर अघि बढ्ने भन्दै जसपा नेताहरू ठाकुर र महतो पन्छिएका छन् ।

यता जसपाको अर्को धारका नेताहरू बाबुराम भट्टराई र उपेन्द्र यादवले भने देउवालाई भेटेरै सरकारको नेतृत्व गर्न आग्रह गरेका छन् । तर देउवाले सत्ता अंकगणित अझै स्पष्ट भइनसकेकाले आफ्नो नेतृत्वको सरकार बन्न रोकिएको र केही दिनमा स्पष्ट हुने बताएका छन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले प्रतिक्रियावादीहरूको षड्यन्त्र असफल पार्न 'नयाँ सरकार आवश्यक रहेको बताएका छन् । प्रधानमन्त्री ओली यही बेला एमसीसी संसदबाट पारित गराउन खोजिरहेका छन् । यदि एमसीसी प्रस्ताव संसदबाट पारित भए आफूसँग बहुमत भएको सन्देश प्रवाहित हुने ओलीको बुझाइ छ । उनले सरकार परिवर्तनको खेल खेल्नेलाई सकुनीको संज्ञा नै दिएका छन् ।

अहिले जसपाभित्र आफ्नै नेतृत्वमा सरकार बनाउनुपर्ने आवाज पनि उठ्न थालेको छ । संसदमा जसपाको ३५ सांसद छन् । कांग्रेस र माओवादीले समर्थन गरे जसपा नेतृत्वको नयाँ सरकार बन्न सक्छ । जसपाले कसलाई प्रधानमन्त्री बनाउने भन्ने बारेमा निर्णय गरिसकेको छैन । महन्थ ठाकुर २०७४ सालको संसदीय निर्वाचनमा कांग्रेस उम्मेदवार अमरेशकुमार सिंहबाट पराजित भएका थिए । प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्न सक्दैन । त्यसैले ठाकुरलाई प्रधानमन्त्री बन्न वैधानिक अवरोध छ । बाबुराम, उपेन्द्र र राजेन्द्र महतोमध्ये एकलाई जसपाले प्रधानमन्त्रीको उम्मेदवार बनाउन सक्छ । कांग्रेसले आफ्नो नेतृत्वमा सरकार बनाउने निर्णय गरेका कारण जसपालाई समर्थन गर्ने संकेत देखिँदैन ।

## अन्नपूर्ण...

भएबमोजिमको क्षतिपूर्ति तथा अवकाश सुविधा दिनुपर्ने माग पत्रकार तथा कर्मचारीहरूको रहेको छ । उता अन्नपूर्णकै केही पत्रकारहरूले नाम उल्लेख नगर्ने शर्तमा बताएअनुसार क्याप्टेन थापाले कृत्रिम संकट खडा गरेर पत्रकारहरू हटाउने तयारी गरेका हुन् । ब्रोडसिटहरूको प्रतिस्पर्धामा अग्रपंक्तिमै रहेको अन्नपूर्ण यति चाँडै बन्द गर्नुपर्ने आर्थिक संकटमा परेको छैन । आर्थिक संकट देखाएर कर्मचारी, पत्रकार हटाएर फेरि आफ्नो सुविधाअनुसार पत्रिका चलाउने व्यवस्थापनको भित्री तयारी रहेको उनीहरू बताउँछन् ।

## कोरोना...

१ अर्ब निर्जीवन बीमा कम्पनीहरूले, १ अर्ब नेपाल पुनर्बीमा कम्पनीले, ५० करोड बीमकको महाविपत्ती पुलले, १ अर्ब बीमा समितिले खर्च ब्यहोरेका छन्।

साढे ३ अर्ब रुपैयाँ यसरी जुटे पनि बाँकी रकम नेपाल सरकारले ब्यहोर्नेगरी मापदण्ड तयार भएको थियो। तर सरकारले समयमै भुक्तानी नदिँदा सर्वसाधारणले दावी भुक्तानी पाउन ढिला भएको छ। कोरोना बीमा भुक्तानी सम्वन्धी मापदण्डमा साढे ३ अर्बभन्दा बढी रकम भुक्तानी नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । सो रकम अर्थबाट एकमुष्ट रुपमा आउन नसकेपछि थप भुक्तानी हुन नसकेको बीमक संघले जनाएको छ ।

## रेमिट्यान्स...

मुलुकको शोधनान्तर बचत (वैदेशिक कारोबारको आम्दानीबाट खर्च कटाएर हुने बचत) मा समेत दबाब पर्न थालेको छ ।

गत माघसम्म करिब ९७ अर्ब ३६ करोड शोधनान्तर बचत रहेकोमा फागुनमा यस्तो बचत ६८ अर्बमा सीमित भएको छ । मुलुकबाट हुने निर्यात ७ दशमलव ८ प्रतिशतले बढेर ८० अर्ब पुगे पनि आयात २ दशमलव १ प्रतिशतले बढेर ९ खर्ब ४३ अर्ब पुगेपछि व्यापार असन्तुलन करिब २ प्रतिशतले वृद्धि भएको छ । ३ खर्ब ५२ अर्बबराबरको आयात भने औद्योगिक उत्पादनका लागि भएको राष्ट्र बैंकले विवरणमा स्पष्ट पारेको छ ।

मुलुक भित्रिने प्रत्यक्ष वैदेशिक लगानीसमेत गत वर्षको तुलनामा ३४ प्रतिशतले घटेर १० अर्ब १८ करोडमा सीमित भएको छ । यी कारणले वैदेशिक मुद्रा सञ्चिति पनि घट्न थालेको छ । माघसम्ममा १२ अर्ब ५७ करोड रुपैयाँ विदेशी मुद्रा सञ्चिति रहेकोमा फागुनमा १२ अर्ब ३७ करोडमा सीमित भएको छ । मुलुकमा रहेको विदेशी मुद्राको सञ्चितिले ११ महिना ३ दिनको वस्तु तथा सेवाको आयात धान्न सक्छ । फागुनसम्ममा वार्षिक मूल्यवृद्धिदर अघिल्लो वर्षको तुलनामा सुस्तिएर ३ प्रतिशतमा सीमित भएको छ । अघिल्लो वर्ष यो अवधिमा ६ दशमलव ७० प्रतिशत मूल्यवृद्धि थियो । मासिक आधारमा भने मूल्यवृद्धिदर केही वृद्धि भएको छ । गत माघमा शून्य दशमलव ५५ प्रतिशतले ऋणात्मक रहेको मूल्यवृद्धिदर फागुनमा भने शून्य दशमलव शून्य ५ प्रतिशत छ ।

घिउ, तेल, फलफूल, सुर्तीजन्य वस्तु, दाल, गेडागुडीको मूल्यवृद्धि भने १० देखि १९ प्रतिशतसम्म छ । पहाडका बासिन्दाले सबैभन्दा धेरै मूल्यवृद्धि खेपिरहेका छन् भने काठमाडौंमा यो दर सबैभन्दा कम छ । पहाडमा मूल्यवृद्धिदर ३ दशमलव ४० प्रतिशतसम्म छ । सरकारले खर्च बढाउन नसक्दा फागुनसम्ममा ३ खर्ब ५४ अर्ब रुपैयाँ ढुकुटीमा थन्किएको छ । यसमा स्थानीय र प्रदेशमा जाने बाँडफाँड हुने रकमसमेत पर्छ । यो अवधिमा सरकारले करिब ५ अर्ब ७१ अर्ब २ करोड खर्च गरेको छ भने करिब यहीबराबर राजस्व संकलन गरेको छ । सरकारले आन्तरिक ऋणबापत भने १ खर्ब १२ अर्ब संकलन गरेको छ ।

## निर्यात...

भूपरिवेष्ठितता, विकासको स्तरलगायत आधारमा गुमेको निर्यातको अनुमान गरिएको विश्व बैंकले जनाएको छ । नेपालले चीनमा थप २ अर्ब २० करोड अमेरिकी डलर, भारतमा १ अर्ब २० करोड डलर, अमेरिकामा ८० करोड डलर, जापानमा ७० करोड डलर निर्यात गुमाइरहेको प्रतिवेदनको निष्कर्ष छ ।

त्यस्तै, वस्तुगत रूपमा तयारी कपडा १ अर्ब २० करोड डलर, अर्धप्रशोधित खाद्यान्न ८० करोड डलर र प्रशोधित खाद्यान्न ५० करोड डलर निर्यात गुमेको पनि प्रतिवेदनले उल्लेख गरेको छ । नेपालको निर्यात क्षमता पूर्ण उपयोग हुँदा थप २ लाख २० हजार रोजगारी सिर्जना हुने प्रतिवेदनमा उल्लेख छ । त्यसमध्ये १ लाख ६७ हजार कृषिमा मात्रै रोजगारी सिर्जना हुनेछ ।

प्रतिवेदनले नेपालको निर्यात क्षमता हासिल गर्न पर्यटन क्षेत्रमा सुधार गर्नुपर्ने, अधिक वैदेशिक लगानी (एफडिआइ) आकर्षित गर्न प्रक्रियाहरू सरलीकृत र सुव्यवस्थित गर्नुपर्ने, निर्यात प्रवर्द्धनलाई आधुनिकीकरण गर्नुपर्ने, निर्यातकर्ताको क्षमता सुधार गर्नुपर्ने, व्यापार लागत घटाउनुपर्ने, बोटबिरुवाको स्वास्थ्यसम्बन्धी फाइटोसेनिटरी र गुण नियन्त्रणका पूर्वाधारमा लगानी गर्नुपर्ने र विश्व मूल्य शृंखलामा जोडिएको अधिक अवसरहरूका लागि डिजिटल व्यापार र इ-वाणिज्यलाई बढावा दिनुपर्ने सुझाएको छ । त्यस्तै, उत्थानशील आर्थिक पुनर्लाभका लागि निर्यातको प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउनु महत्वपूर्ण हुने कुरामा पनि जोड दिइएको छ ।

### आर्थिक वृद्धि २.७ प्रतिशत हुने प्रक्षेपण

विश्व बैंकले चालू आर्थिक वर्षमा नेपालले २.७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने प्रक्षेपण गरेको छ । गत आर्थिक वर्षमा चालीस वर्षपछि पहिलोपटक नेपालको आर्थिक वृद्धि ऋणात्मक रहेको थियो । नेपाली अर्थतन्त्र, निरन्तर खुकुलो गर्दै लगिएको सामाजिक दूरीको मापदण्ड र प्राथमिकताप्राप्त जनसंख्यामा खोप लगाउने कार्य सुरु भएसँगै यस वर्ष करिब ३ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने विश्व बैंकको प्रक्षेपण छ । पछिल्लो समय मनसुनमा देखिएको अनुकूलताका कारण कृषि उत्पादन पनि राम्रो हुने देखिएको प्रतिवेदनमा उल्लेख छ ।

### चालू खाता घट्ने, वित्तीय घाटा बढ्ने

विश्व बैंकको प्रतिवेदनले चालू खाता घट्ने र वित्तीय घाटा अझ बढ्ने औंल्याएको छ । आयात र विप्रेषणमा सामान्य सुधार हुने र निर्यात यथास्थितिमा रहन सक्ने विश्लेषणका आधारमा चालू आवमा चालू खाता घाटा घट्न गई कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को १.२ प्रतिशत पुग्ने अनुमान गरिएको छ । राजस्व संकलन लक्ष्यअनुसार हुन सक्ने सम्भावना न्यून भएको, आर्थिक राहतका उपायहरू, खोप कार्यक्रम र आयोजनाहरू पुनः सञ्चालनमा ल्याउन लाग्ने अतिरिक्त खर्चहरूले यस वर्षको वित्तीय घाटा बढ्ने प्रतिवेदनमा उल्लेख छ ।

## देश जल्दा...



तलाउको पानी खाने भएपछि विवाद गर्ने कुरै भएन ।

तपाई राष्ट्रियताप्रति सचेत हुनुहुन्छ भने एकपल्ट 'स्म्यास एण्ड ग्र्याब : एनेक्सेसन अफ सिक्किम' -लेखक (सुनन्दाकुमार दत्त) पढ्नैपर्छ । भारतले कथित जनमत संग्रहको नाटक गरेर कसरी सिक्किम कव्जा गर्‍यो भने कुराको सुन्दर चित्रण त्यसमा छ । प्रजातन्त्रको ठुलठूलो कुरा गर्ने काजी लेण्डुप दोर्जेले त्यहाँ राजसंस्था समाप्त पारेर विस्तारै स्वतन्त्र देशलाई भारतमा विलय गराएका थिए । नेपाल पनि भूटान झै संरक्षित क्षेत्र (प्रोटेक्टोरेट जोन) बन्छ कि अर्को सिक्किम, केही भन्न सकिदैन । हामी जस्ता नामर्द, पामर, हुतिहारा, नपुंसक जनता भएको देशको नियति जे पनि हुन सक्छ । देश रहन पनि सक्छ, मानचित्रबाट लोप पनि हुनसक्छ ।

सिक्किमका राष्ट्रवादी लेखक लालबहादुर बस्नेतले 'सिक्किम : अ सर्ट पलिटिकल हिस्ट्री' पुस्तकमा लेखेका छन् -"काजी लेण्डुपको सिक्किम नेशनल कंग्रेस भारतको सबभन्दा ठूलो मित्र रहेको थियो । लेण्डुप नक्कली रुपमा राष्ट्रवादको कुरा गर्थ्यो तर भारतको दलाल थियो । सिक्किमेहरू त उसलाई भारतको नम्वरी एजेन्ट मान्छन् ।" एक लाख सात हजार ६२ जना मतदाता रहेको सिक्किममा कथित जनमत संग्रहमा पचासहजार जति दार्जिलिङ्गे मजदूरहरू समेतलाई भोट हाल्न लगाएर सिक्किमलाई सन् १९७५ मा भारतमा विलय गराइएको थियो ।

आज नेपाल आफ्नो अस्तित्व रक्षाका लागि छट्पटाइरहेको छ । चारैतिरबाट नेपाललाई क्षतविक्षत पार्न खोजिदै छ । रिमोट कन्ट्रोल दिल्ली, वासिङ्टन र चीनबाट संचालित छ । उनीहरूको इसारामा नाच्ने कठपुतलीहरू संसद, सरकार, सडक र अखबार, एनजिओ, नागरिक समाजगायतका अनेक भेषमा नाचेका छन् । सन् २००६/७ मा मात्र बाह्र अर्ब रुपियाँ प्रत्यक्ष रुपमा नेपाल भित्रिएको छ - राजा फाल्न, सेनालाई क्षतविक्षत पार्न, हिन्दू र वौद्ध धर्मलाई तहसनहस पारेर इसाइ बढाउन, राष्ट्रिय एकता खल्बल्याउन र नेपालको अस्तित्व समाप्त पार्न । तर हामी नामर्द जनता अझै पनि मौन छौं मुर्दा जस्तै ... । चुपचाप छौं सालिक जस्तै ।